आदरको आधारमा नेपाली र बाहिङ भाषाको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्काय, पद्मकन्या बहुमुखी क्याम्पस,
नेपाली विभागअन्तर्गत स्नातकोत्तर
तह दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका निम्ति
प्रस्तुत

शोधपत्र

शोधार्थी
अनिता राई
स्नातकोत्तर द्वितीय वर्ष
नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं
२०७२

शोध निर्देशक
डा. विदुर चालिसे
सह-प्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस

आदरको आधारमा नेपाली र बाहिङ भाषाको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्काय, पद्मकन्या बहुमुखी क्याम्पस,
नेपाली विभागअन्तर्गत स्नातकोत्तर
तह दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका निम्ति
प्रस्तुत

शोधपत्र

शोधार्थी
अनिता राई
स्नातकोत्तर द्वितीय वर्ष
नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

२०७२

शोध निर्देशकको मन्तव्य

श्री अनिता राईले 'आदरको आधारमा नेपाली र बाहिङ भाषाको तुलनात्मक अध्ययन' शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । म उहाँको यस परिश्रमबाट सन्तुष्ट बनेको छु । यसको समुचित मूल्याङ्कनका लागि पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभाग समक्ष सिफारिस गर्दछु ।

मिती: २०७२।०८।१४

....

डा. विदुर चालिसे

सह-प्राध्यापक

पद्मकन्या बहुमुखी क्याम्पस

पद्मकन्या बहुमुखी क्याम्पस

नेपाली विभाग

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पसकी छात्रा अनिता राईले त्रि.वि. स्नातकोत्तर तह नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नु भएको 'आदरको आधारमा नेपाली र बाहिङ भाषाको तुलनात्मक अध्ययन' शीर्षकको शोधपत्र सोही प्रयोजनको लागि स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

....	....	....	....
प्रा.डा. हेमचन्द्र नेपाल	(डा. विदुर चालिसे)	प्रयागराज भट्टराई	(प्रा.चेतोनाथ गौतम)
विभागीय प्रमुख	शोधनिर्देशक	बाह्य परीक्षक	संयोजक

कृतज्ञता ज्ञापन

'आदरको आधारमा नेपाली र बाहिङ भाषाको तुलनात्मक अध्ययन' शीर्षको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पसमा अध्ययनरत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको ऐच्छिक विषयको पूर्तिका लागि तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र तयार गर्दा आफ्नो अमूल्य समय खर्चेर प्रेरणा, सुझाव र उचित मार्गनिर्देशन दिनु हुने शोधनिर्देशक आदरणीय गुरु डा. विदुर चालिसे ज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै परिमार्जनका क्रममा उचित मार्गनिर्देशन गर्नुहुने श्रद्धेय गुरु श्री चेतोनाथ गौतम ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै मलाई प्रत्यक्ष परोक्ष रुपमा उत्प्रेरणा, सल्लाह, सुझाव गरिरहनु हुने पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुवरमा म आभारी छु ।

साथै मेरो शैक्षिक वृद्धिमा प्रेरणा र हौसला दिनुहुने आदरणीय बुवा श्रीप्रसाद राई र आमा स्व. सीता राईप्रति हार्दिक आभार व्यक्त गर्दछु । मलाई निरन्तर मार्गनिर्देश प्रदान गर्नु हुने मेरी फुपू धनकुमारी राईलगायत परिवारका सम्पूर्ण सदस्यलाई हार्दिक धन्यवाद दिन चाहन्छु । कम्प्यूटर टाइप गरिदिने बहिनी रेनु राईप्रति आभार व्यक्त गर्दछु । कम्प्यूटर सेटिङमा सहयोग गरिदिनु भएकोमा मेरा शोधनिर्देशक आदरणीय गुरु डा. विदुर चालिसेमा पुनः आभार व्यक्त गर्दछु । आदरणीय दाइ धिरेन सुस्तोचा बाहिङप्रति धेरै आभारी छु ।

अन्त्यमा प्रायोगिक कार्य (पूर्णाङ्क १००) को प्रयोजनका लागि तयार पारिएको यस शोधपत्र मूल्याङ्कनका लागि पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गरेकी छु ।

अनिता राई
नेपाली विभाग
स्नातकोत्तर तह, दोस्रो वर्ष
पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

मितिः २०७२।०८।१४
क्याम्पस क्रमाङ्कः ०५
भर्ना समूह : प्रातः
परीक्षा क्रमाङ्कः ३८०१५५
त्रि.वि. द.न. : ६-२-४७८-२-२००८

विषय-सूची

शीर्षक **पेज नं.**

अध्याय एक

शोध परिचय

१.१ विषय परिचय १

१.२ समस्याकथन १

१.३ उद्देश्य १

१.४ पूर्वकार्यको समीक्षा १

१.५ शोधको औचित्य २

१.६ शोध कार्यको सीमाङ्कन २

१.७ शोध विधि ३

१.८ शोध कार्यको रुपरेखा ३

अध्याय दुई

नेपाली र बाहिङ भाषाको परिचय

२.१ विषय प्रवेश ४

२.२ नेपाली भाषाको परिचय ४

२.२.१ नेपाली भाषाको विकास ५

२.२.२ नेपाली भाषाको विशेषता ६

२.३ बाहिङ भाषाको परिचय ८

२.३.१ बाहिङ भाषाको विकास ८

२.३.२ बाहिङ भाषाको भाषिक विशेषता ९

अध्याय तीन

नेपाली आदरको सैद्धान्तिक व्यवस्था

३.१ आदर १३

३.२ आदरका तह १३

३.२.१ आदररहित प्रयोग १४

३.२.२ मध्यम आदर १४

३.२.३ उच्च आदर १५
३.२.४ विशेष आदर १७
३.२.५ उच्चतर आदर १७
३.२.६ उच्चतम आदर १८
३.३ कर्ता-इतर स्थितिमा आदरार्थी १९
३.४ कृदन्तीय विशेषण पदावली र आदरार्थी १९
३.५ सम्वोधन र आदरार्थी २०
३.६ आदरार्थी: प्रत्यक्षता - परोक्षता २०
३.७ कोटिकारका आधारमा नामको आदरार्थी २१
३.८ पदसङ्गतिका आधारमा नामको आदरार्थी २१
३.९ वचनका आधारमा आदरार्थी २२
३.१० पुरुषका आधारमा आदरार्थी २२
३.११ वाच्य र आदरार्थी २३
३.१२ प्रयोग सन्दर्भगत विविधता २३

अध्याय चार

नेपाली र बाहिङमा आदरको तुलनात्मक अध्ययन

४.१ सर्वनाममा आदर २४
४.१.१ आदररहित प्रयोग २४
४.१.२ मध्यम आदर २५
४.१.३ उच्च आदर २६
४.१.४ विशेष आदर २७
४.२ काल २८
४.२.१ भूत काल २८
४.२.२ अभूत काल २९
क. वर्तमान काल २९
ख. भविष्यत् काल ३०
४.३ पक्ष ३०
४.३.१ सामान्य पक्ष ३१

४.३.२ अपूर्ण पक्ष ३२
४.३.३ पूर्ण पक्ष ३३
४.३.४ अज्ञात पक्ष ३३
४.३.५ अभ्यस्त पक्ष ३४
४.४ भाव ३५
४.४.१ सामान्यार्थ भाव ३५
४.४.२ आज्ञार्थ भाव ३६
४.४.३ इच्छार्थ भाव ३६
४.४.४ सम्भावनार्थ भाव ३७
४.४.५ सङ्केतार्थ भाव ३८
४.५ कोटिकारमा आदर व्यवस्था ३८
४.५.१ 'जना' कोटिकार ३८
४.५.२ 'वटा' कोटिकार ३९
४.५.३ 'झुप्पा' कोटिकार ४०
४.५.४ 'फौज' कोटिकार ४०
४.५.५ 'कोसो' कोटिकार ४१
४.६ पदसङ्गतिमा आदर व्यवस्था ४१
४.६.१ निम्न आदर व्यवस्था ४२
४.६.२ मध्यम आदर व्यवस्था ४२
४.६.३ उच्च आदर व्यवस्था ४३
४.६.४ अति उच्च आदर व्यवस्था ४३
४.७ आदरमा लिङ्ग, वचन र पुरुष व्यवस्था ४५
४.७.१ लिङ्ग व्यवस्था ४५
४.७.२ वचन व्यवस्था ४६
४.७.३ पुरुष व्यवस्था ४६
४.८ कर्ता-इतरमा आदर व्यवस्था ४७
४.९ कृदन्तीय विशेषण पदावली र आदरार्थी ४८
४.१० सम्बोधन र आदरार्थी ४८

४.११ आदरार्थीः प्रत्यक्ष र परोक्ष ४९
४.१२ वाच्य र आदरार्थी ५०
४.१३ मानवीय र मानवेतर प्राणीमा आदरार्थी ५१
४.१४ प्रयोग सन्दर्भगत विविधता ५२

अध्याय पाँच

उपसंहार ५३

सुझाव ५५

परिशिष्ट १ ५६

बाहिङ तथा नेपालीका केही क्रियापदहरु

परिशिष्ट २ ६१

बाहिङ तथा नेपालीका केही कोटिकारहरु

बाहिङ वक्तहरुको परिचय ६३

बाहिङका उपथर (दोचा)हरु ६४

सन्दर्भसामग्री ६५

तालिका सूची

तालिका नं.	शीर्षक	पेज नं.
१.	स्रोता सन्दर्भ र अन्य सन्दर्भमा आदरका तहहरु	१३
२.	नेपाली र बाहिङमा सर्वनामको आधारमा आदरार्थी	२४
३.	नेपाली तथा बाहिङमा प्रयोग भएको भूत काल	२८
४.	नेपाली तथा बाहिङमा प्रयोग भएको अभूतकालिक (वर्तमान) प्रत्यय	२९
५.	नेपाली तथा बाहिङमा प्रयोग भएको अभूतकालिक (भविष्यत्) प्रत्यय	३०
६.	नेपाली तथा बाहिङमा प्रयोग भएको सामान्य पक्ष	३१
७.	नेपाली तथा बाहिङमा प्रयोग भएको अपूर्ण पक्ष	३२
८.	नेपाली तथा बाहिङमा प्रयोग भएको पूर्ण पक्ष	३३
९.	नेपाली तथा बाहिङमा प्रयोग भएको अज्ञात पक्ष	३३
१०.	नेपाली तथा बाहिङमा प्रयोग भएको अभ्यस्त पक्ष	३४
११.	नेपाली तथा बाहिङमा प्रयोग भएको अभ्यस्त भाव	३५
१२.	नेपाली तथा बाहिङमा प्रयोग भएको आज्ञार्थ भाव	३६
१३.	नेपाली तथा बाहिङमा प्रयोग भएको इच्छार्थ भाव	३६
१४.	नेपाली तथा बाहिङमा प्रयोग भएको सम्भावनार्थ भाव	३७
१५.	नेपाली तथा बाहिङमा प्रयोग भएको सङ्केतार्थ भाव	३८
१६.	नेपाली तथा बाहिङमा प्रयोग भएको 'जन' कोटिकार	३९
१७.	नेपाली तथा बाहिङमा प्रयोग भएको 'वटा' कोटिकार	३९
१८.	नेपाली तथा बाहिङमा प्रयोग भएको 'झुप्पा' कोटिकार	४०
१९.	नेपाली तथा बाहिङमा प्रयोग भएको 'फौज' कोटिकार	४०
२०.	नेपाली तथा बाहिङमा प्रयोग भएको 'कोसो' कोटिकार	४१
२१.	वाक्यमा निम्नआदर संङ्गति	४२
२२.	वाक्यमा मध्यम आदर संङ्गति	४२
२३.	वाक्यमा उच्चआदर संङ्गति	४३
२४.	वाक्यमा अतिउच्च आदर संङ्गति	४३
२५.	नेपाली तथा बाहिङ भाषामा लिङ्ग, वचन र पुरुषको तुलनात्मक विवरण	४५
२६.	कर्ता-इतरमा आदर व्यवस्था	४७
२७.	कृदन्तीय विशेषण पदावली र आदरार्थी	४८
२८.	सम्बोधन र आदरार्थी	४८
२९.	वाच्य र आदरार्थी	५०
३०.	मानवीय र मानवेतर प्राणीमा आदरार्थी	५१

शोधसार

'आदरको आधारमा नेपाली र बाहिङ भाषाको तुलनात्मक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थनअन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पसमा अध्ययनरत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको ऐच्छिक विषयको पूर्तिका लागि तयार पारिएको हो । यस शोधपत्रका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयीय अध्ययन विधि प्रयोग गरिएको छ । बाहिङ भाषाको व्याकारणात्मक आदरको तथ्याङ्क पहिचानका लागि सो भाषाका वक्ताहरुको सहयोग लिई तुलनात्मक भाषाविज्ञानलाई सैद्धान्तिक आधार बनाई तुलनात्मक विधिको प्रयोग गरी अध्ययन अनुसन्धान गरिएको छ । नेपाली आदरको सैद्धान्तिक व्यवस्थालाई आधार बनाएर नेपाली र बाहिङ भाषा बीचको आदरको तुलना गरी तुलनात्मक विधिका आधारमा अध्ययन गरी शोधकार्य पुरा गरिएको छ । प्रस्तुत शोधपत्र पाँच अध्यायमा विभाजन गरिएको छ । आवश्यकता अनुसार विविध उपशीर्षकहरुको प्रयोग पनि गरिएको छ। अध्याय एक : शोध परिचय, अध्याय दुई : नेपाली र बाहिङ भाषाको परिचय, अध्याय तीन : नेपाली आदरको सैद्धान्तिक व्यवस्था, अध्याय चार : नेपाली र बाहिङमा आदरको तुलनात्मक अध्ययन, अध्याय पाँच : उपसमूहका रुपमा प्रस्तुत शोधपत्रलाई विभाजन गरिएको छ। उपर्युक्त पाँच अध्यायमा विभाजित प्रस्तुत शोधपत्रका सार यस प्रकार छ - आदर व्यक्तिको सम्मान/प्रतिष्ठाको सङ्केत गर्ने व्याकरणात्मक कोटि वा पदसङ्गति हो । नेपाली आदरका तहहरु-आदररहित - Φ, मध्यम आदर - १, उच्च आदर-२, विशेष आदर -३, उच्चतर आदर-४, उच्चतम आदर-५ (अधिकारी, २०४९) सैद्धान्तिक रुपमा देखिए पनि आम व्याकरणात्मक सैद्धान्तिक आदर निम्न, मध्यम, उच्च र अति उच्च आदरार्थीहरुलाई नेपाली र बाहिङ भाषा बीच तुलना गरी निष्कर्ष निकालिएको छ । जुन निष्कर्षका आधारमा नेपालीमा निम्न, मध्यम, उच्च र अति उच्च सबै प्रकारको आदर व्यवस्थाको प्रयोग भएको देखिन्छ भने बाहिङमा निम्न, मध्यम र उच्च आदरको मात्रै प्रयोग भएको पाइन्छ । बाहिङमा मध्यम आदरको प्रयोग बहुवचनमा मात्रै देखिन्छ। निम्न आदर 'तँ' तथा उच्च आदर 'तपाईं' सर्वनामसूचकहरु बाहिङमा क्रमशः 'गो', 'गनी'का रुपमा प्रयोग भएको पाइन्छ। नेपाली पुलिङ्ग निम्न आदर पदसङ्गति -ओ-ओ-ओ बाहिङमा क्रमशः -ओ- आ-आ, स्त्रीलिङ्ग निम्न आदर पदसङ्गति -ई-ई-ई बाहिङमा क्रमशः -ओ-ई-आ तथा उच्च आदर पुलिङ्ग पदसङ्गति -आ-आ-ओ बाहिङमा क्रमशः -आ-आ-ए र स्त्रीलिङ्ग पदसङ्गति -ई-ई-ओ बाहिङमा क्रमशः -आ-ई-ओ का रुपमा प्रयोग भएको पाइन्छ । यसर्थ नेपाली भाषामा जस्तो बाहिङ भाषाको क्रियामा लिङ्ग भेद देखिदैन। यो बाहिङ भाषाको विशेषता हो ।

अध्याय एक

शोध परिचय

१.१ विषय परिचय

भाषा विचार विनिमयको माध्यम हो । यसले व्यक्ति बीचको सम्पर्क स्थापित गर्दछ । मानिसले आफ्नो अनुभूति व्यक्त गर्नका लागि भाषालाई नै साधन बनाउँदछ । मानवीय उच्चारण अवयवद्वारा उच्चारित सार्थक ध्वनिहरूको योग नै भाषा हो । भाषा वाक्प्रतीकको रुपमा रहेको हुन्छ ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो भारोपेली भाषा परिवारअन्तर्गत पर्दछ । यसको ठूलो सङ्ख्यामा वक्ताहरू छन् । बाहिङ भाषा किराँत समुदायको बाहिङ जातिको मातृभाषा हो । यो नेपालको राष्ट्रिय भाषाहरूमध्ये एक सशक्त भाषा हो । बाहिङ भाषा भोटबर्मेली भाषा परिवारअन्तर्गत पर्दछ । यो शोधकार्य यही दुई फरक भाषा परिवार बीचमा रहेको व्याकरणिक कोटिमा आदरको तुलनात्मक अध्ययन गरी के-कस्ता समानता र असमानता छन् भन्ने अध्ययन गरिएको छ ।

आदर भनेको सम्मान हो । व्यक्तिको इज्जत प्रतिष्ठाको सङ्केत गर्ने व्याकरणात्मक कोटि वा पदको सङ्गतिलाई आदर भनिन्छ । यो अध्ययन यही आदरका आधारमा यी दुई भाषाका बीचमा रहेको समानता र भिन्नता परिल्याउनमा केन्द्रित रहेको छ ।

१.२ समस्या कथन

नेपाली र बाहिङ भाषाका व्याकरणिक कोटि आदरमा के-कस्ता समानता र असमानताहरू छन् भन्ने समस्यामा यो शोधकार्य केन्द्रित रहेको छ ।

१.३ उद्देश्य

यो शोधकार्यको उद्देश्य नेपाली र बाहिङ भाषाको व्याकरणिक कोटि आदरमा समानता र असमानतालाई केलाउनु रहेको छ ।

१.४ पुर्वकार्यको समीक्षा

नेपाली र बाहिङ भाषासम्बन्धी धेरै खोज अनुसन्धान भएको पाइन्छ । स्वदेशी तथा विदेशी भाषाशास्त्री, विभिन्न संघ-संस्था, अनुसन्धानदाताहरूले यी दुवै भाषाको निम्न अनुसार अध्ययन अनुसन्धान गरेको देखिन्छ ।

मोरिन वि.ली. (सन् २००५) ले किराँत जातिहरू अन्य जातजातिहरू जस्तै पृथक पहिचान र भाषा भएका जातजातिहरू हुन् भन्दै बाहिङ भाषाको सामान्य अध्ययन पनि गरेका छन् । सन् २००९ मा बाहिङ भाषाको संरक्षणलाई निरन्तरता दिँदै बाहिङ मातृभाषामै पठनपाठन गर्न र पाठ्यपुस्तक निर्माण गर्न पुर्वाधारको एक आधारशीलताको रुपमा 'बाहिङ वर्णमाला तथा लेखन पद्धतिको परिचय' नामक पुस्तक प्रकाशन भएको देखिन्छ ।

राई (२०६७)ले 'किराँत जातिहरूको समाजिक सांस्कृतिक पक्ष र परिवर्तनको अध्ययन' गरेको देखिन्छ । त्यसमा बाहिङ भाषाका आधारभुत शब्दहरूको पनि चर्चा गरिएको छ ।

मिम्खा (२०६८) पत्रिकामा ब्रायन हड्सनले 'बाहिङ भोकाबुलारी एण्ड ग्रामर' (सन् १८५७-५८)मा किराँत भाषा नेपालको पूर्वी हिमालय क्षेत्रमा बोलिन्छ, जसमध्ये पूर्वी नेपालको ओखल्दुङ्गा जिल्लामा किराँत/किराँती भाषा बोल्नेहरू बाहिङ हुन् भने परम्परागत रुपमा किराँतीहरू तीन क्षेत्रमा विभाजित छन् । वल्लो किराँत, माझ किराँत, पल्लो किराँत' भनेका छन् ।

राई (२०७०) ले नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्र तयार गर्दा 'नेपाली र बाहिङ भाषाको शब्द रचनाको तुलनात्मक अध्ययन' गरेकी छन् ।

यी माथिका अध्ययनअनुसार बाहिङ भाषासम्बन्धी भाषिक पृथककता, वर्णमाला लेखन, आधारभूत शब्दहरूको चर्चा, नेपाली र बाहिङ भाषा बीचको क्रियापदहरूमा तुलनात्मक अध्ययनजस्ता कार्यहरू भइसकेको पाइन्छ तर हालसम्म नेपाली र बाहिङ भाषाको बीचमा आदरको आधारमा अध्ययन गरिएको पाइँदैन ।

१.५ शोधको औचित्य

नेपाली र बाहिङ भाषा बीचको व्याकरणिक आदरलाई हालसम्म पनि कसैले तुलनात्मक अध्ययन गरेको छैन । त्यसैले यस शोधकार्यबाट उपयुक्त दुई भाषा बीचको आदर प्रयोगमा अन्वय र व्यतिरेकी स्पष्ट हुने हुँदा भाषा शिक्षणमा यसको विशेष महत्त्व रहन्छ ।

१.६ शोध कार्यको सीमाङ्कन

यो शोधकार्य नेपाली र बाहिङ भाषाका बीचमा व्याकरणात्मक आदरको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

१.७ शोध विधि

यो शोधकार्यका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयीय अध्ययन प्रयोग गरिएको छ भने बाहिङ भाषाको व्याकरणात्मक आदरको तथ्याङ्क पहिचानका लागि सो भाषाका वक्ताहरूको सहयोग लिइएको छ। साथै तुलनात्मक भाषा विज्ञानलाई सैद्धान्तिक आधार बनाई तुलनात्मक विधिको प्रयोग गरी शोधकार्य गरिएको छ।

१.८ शोधकार्यको रुपरेखा

अध्याय एक	: शोध परिचय
अध्याय दुई	: नेपाली र बाहिङ भाषाको परिचय
अध्याय तीन	: नेपाली आदरको सैद्धान्तिक व्यवस्था
अध्याय चार	: नेपाली र बाहिङ भाषाका आदरको तुलना
अध्याय पाँच	: उपसंहार

अध्याय दुई

नेपाली र बाहिङ भाषाको परिचय

२.१ विषय प्रवेश

भाषा विचार विनियमको माध्यम हो । यसले मानिसको अनुभूति, व्यक्ति बीचको सम्पर्क एवं अनुभवहरूलाई सम्प्रेषण गर्ने साधनका रुपमा रहन्छ । यो मानव जातिको मात्रै विशिष्ट सम्पदा हुनुका साथै मानवीय वस्तु हो । भाषामा मानवको सभ्यता, इतिहास लुकेर रहेको हुन्छ भने मानवले समयको परिवर्तनसँगै भाषालाई परिष्कृत गरी सहज-सरल बनाउने काम गरेको हुन्छ । प्रत्येक समुदायको आ-आफ्नै भाषा हुन्छ । तिनीहरू बीचको भाषिक संरचनाहरू पनि फरक हुन्छन् ।

नेपाल बहुभाषिक, बहुजातीय, बहुसाँस्कृतिक देश हो । नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो नेपालीहरूको मातृभाषा पनि हो । बाहिङ भाषा किराँत बाहिङ समुदायको मातृभाषा हो । वि.स. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा १२३ वटा मातृभाषाहरूको सङ्ख्या रहेको छन् । तीमध्ये बाहिङ भाषा पनि एक जीवित र सशक्त भाषा हो । हरेक भाषाको आ-आफ्नै व्यवस्था र विशेषता रहने हुनाले यस भाषामा पनि आफ्नै भाषिक संरचना व्यवस्था रहेको छन् । प्रस्तुत अध्यायमा नेपाली भाषा र बाहिङ भाषाको परिचय, विकास र विशेषताहरूलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

२.२ नेपाली भाषाको परिचय

नेपाल बहुभाषिक राष्ट्र हो । यहाँको राष्ट्र भाषा नेपाली हो । यो नेपालको साझा सम्पर्क भाषा, सञ्चारको भाषा, शिक्षणको माध्यम भाषा, प्रशासन वा सरकारी कामकाजको भाषा हो । वि.स. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०९ मध्ये १,१८,२६,९५३ ले नेपाली भाषालाई मातृभाषाका रूपमा बोल्दछन् (राष्ट्रिय जनगणना, २०६८) । नेपालमा बोलिने भाषाहरू के-कति छन् र कति परिवारका भाषाहरू बोलिन्छन् भन्ने विषयमा पर्याप्त अध्ययन हुन बाँकी नै छ । नेपालका भाषाहरूको भाषा वैज्ञानिक दृष्टिबाट सर्वेक्षण गर्ने काम अझै भइसकेको छैन ।

२.२.१ नेपाली भाषाको विकास

संसारमा थुप्रै भाषा छन् । ती विभिन्न परिवारमा विभाजित छन् । नेपालमा चारवटा भाषा परिवारका भाषा बोलिन्छन् - भारोपेली, भोट-बर्मेली, आग्नेली र द्रविड । नेपाली भाषा भारोपेली भाषा परिवारको हो । भारोपेलीको सतम् वर्गभित्र पर्ने आर्य इरानेली शाखाबाट वैदिक संस्कृत लौकिक संस्कृत एवं प्राकृत र अपभ्रंश हुँदै एघारौं शताब्दीतिर अन्य भारतीय आर्य भाषा सरह नेपाली भाषा पनि विकसित भएको हो । यस भाषालाई (नेपाली भाषा) नाम सर्वप्रथम सन् १८२० ई. मा प्रकाशित एटनको व्याकरणमा दिइएको हो । यस भाषालाई प्रारम्भमा नेपाली वैयाकरणहरूले 'गोर्खाली' नाम पनि दिएका छन् (बन्धु, २०५२ : २) । यो भाषाको प्रथम प्रयोग कर्णाली अञ्चलको जुम्ला, सिंजा दराका खस राजाहरूबाट भएको हो । त्यसैले यसलाई 'खस भाषा ' पनि भनिन्छ ।

नेपाली भाषाको इतिहासमा लेख्यको विकास वि.सं. ११५१ को बामु खड्काको अभिलेखबाट आरम्भ भएको पाइन्छ (चालिसे, २०७१ : ८-९) । चालिसेकै अनुसार वि.सं. १४४८ मा लिखित बलय वर्माको अभिलेख पूर्वको समय प्रारम्भिक काल हो भने पृथ्वीनारायण शाहको नेपाल एकीकरणको समय वि.सं.१८३१ सम्मको समय माध्यमिक काल हो । प्रारम्भिक कालका अभिलेख नेपाली भाषाका नमुनाहरूमा शिलालेख, ताम्रपत्र, कनक पत्र, भास्वती ग्रन्थ पाइन्छ भने माध्यमिक कालमा पनि अभिलेख, शिलालेख, लोक लहरी, भजन, राजा गगनिराजको यात्रा, अजीर्ण मञ्जरी आदि ग्रन्थका साथै रामायणजस्ता महाकाव्यको अनुवादमा नेपाली भाषाको प्रयोग भएको पाइन्छ (चालिसे, २०७१ : ८-९) ।

यसै गरी वि.सं. १८३१ मा 'दिव्योपदेश' प्रकाशनसँगै नेपाली भाषामा आधुनिक कालको प्रारम्भ भएको देखिन्छ । त्यसपछि १९५८ मा 'गोरखापत्र' प्रकाशन, १९७० मा 'गोरखा भाषा प्रकाशिनी समिति'को स्थापना, हलन्त बाहिष्कार आन्दोलन, झर्रोवादी आन्दोलनजस्ता भाषासम्बन्धी आन्दोलनले नेपाली भाषालाई अझ परिष्कृत गर्न सहयोग पुगेको छ । रेडियो, पत्रपत्रिका, विभिन्न सञ्चारका माध्यमहरूमा पनि यस भाषाको प्रयोग हुन थालेको छ । यसै गरी नेपाली भाषामा देश-विदेशी विद्वानहरूबाट विभिन्न व्याकरणात्मक ग्रन्थ, शब्दकोष तथा साहित्यिक पुस्तकहरू प्रकाशित हुनु पठनपाठनको माध्यमका साथै यसै भाषा साहित्यका बारेमा स्नातकोत्तर एवं विद्यावारिधि तहसम्मको अध्ययन र अध्यापन हुनु पनि यस कालको उल्लेखनीय उपलब्धि हो ।

२.२.२ नेपाली भाषाको विशेषता

हरेक भाषाका आ-आफ्नै व्यवस्था रहेको हुन्छ । नेपाली भाषाका आफ्नै भाषिक व्यवस्थाहरू छन् जुन यस प्रकार चर्चा गरिएको छ :

क) वर्णसम्बन्धी व्यवस्था

भाषाको सबैभन्दा सानो एकाइ वर्ण हो । उच्चरित ध्वनिको लेख्य प्रतीक चिह्नका रूपमा वर्णलाई लिइन्छ । नेपाली भाषामा व्यतिरेकी मूल स्वरहरू ६ वटा छन् : अ, आ, इ, उ, ए र ओ । त्यस्तै गरेर व्यञ्जन वर्णमा व्यतिरेकी व्यञ्जन उनन्तीसवटा छन् । क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, य्, र्, ल्, व्, स्, र ह हुन । क्ष, त्र, ज्ञ चाहिँ संयुक्त व्यञ्जन वर्णहरू हुन् (यादव र अन्य, २०५८ : ८६-९५) ।

ख) रूप रचनासम्बन्धी व्यवस्था

रूप भाषाको लघुतम अर्थयुक्त एकाइ हो । भाषाशास्त्री ब्लूमफिल्डले सन् १९३३ मा प्रकाशित 'भाषा' नामक पुस्तकमा रूपलाई न्यूनतम अर्थयुक्त एकाइका रूपमा मानेका छन् भने रूपको अध्ययनमा हकेट, नाइडा, ग्लिसन आदिको विशेष देन रहेको छ (बन्धु, २०६६ : ७०-७३) । संरचनावादीहरूका अनुसार रूपका मुख्य पाँच प्रकार छन् र ती पाँच प्रकार नेपाली पनि पाइन्छ ।

मुक्त रूप - स्वतन्त्र प्रयोग हुने, जस्तैः मानव, घर

बद्ध रूप - स्वतन्त्र अर्थ प्रकट नहुने, जस्तैः एलु, इलो

शून्य रूप - अर्थ भएको तर संरचना नभएको, जस्तैः राम लक्ष्मणलाई पढाउँछ । यहाँ राम कर्ता हो । यसमा 'ले' विभक्ति देखिदैन तर अर्थ भने बोध हुन्छ ।

रिक्त रूप - अर्थ नभएको तर संरचनागत अस्तित्व भएको रूप, जस्तै, गुरूङ + एनी = गुरूसेनी । यहाँ, बीचमा आएको 'स' रिक्त रूप हो ।

सम्पृक्त रूप - एउट रूपबाट धेरैवटा अर्थ व्यक्त गर्न सक्ने रूप । जस्तैः खा + यो को 'यो' ले भूतकाल, तृतीय पुरूष पुलिङ्ग, एकवचन बुझाएको छ । त्यसैले 'यो' सम्पृक्त रूप हो ।

ग) आदरका आधारमा सङ्गति व्यवस्था

वाक्यमा आउने पदहरूको उपयुक्त रखाइ सङ्गति हो । वाक्यमा आदर अनुरूप क्रियाको मेला हुनु पर्दछ । लिङ्ग, वचन, पुरूषका दृष्टिले वाक्यमा आदरका सङ्गति व्यवस्था यसप्रकार रहेको छ :

अ. लिङ्गका आधारमा आदर सङ्गति

राम घर गए (पुलिङ्ग मध्यम आदर) ।

सीता घर गइन्(स्त्रीलिङ्ग मध्यम आदर) ।

आ. वचनका आधारमा आदर सङ्गति

तिमीहरू घर गयौ (बहुवचन मध्यम आदर) ।

ऊ घर गयो (एकवचन निम्न आदर) ।

इ. पुरुषका आधारमा आदर सङ्गति

तँ घर गइस् (द्वितीय पुरुष निम्न आदर) ।

ऊ घर गयो (तृतीय पुरुष निम्न आदर) ।

ई. कर्म र क्रिया बीचको सङ्गति

भाइद्वारा किताब पढिन्छ ।

रामद्वारा फूल टिपिन्छ ।

उ. नाम र सर्वनामको आदर सङ्गति

बुबा पोखरा जानु भयो । उहाँ पर्सी फर्कनुहुन्छ ।

बुबा (नाम) र उहाँ (सर्वनाम) दुवै उच्च आदर

ऊ. विशेष्य र विशेषण सङ्गति

कान्छो भाइ आयो ।

कान्छी बहिनी आई ।

घ. वाक्यसम्बन्धी व्यवस्था

व्याकरणका दृष्टिले वाक्यमा कम्तीमा एक उद्देश्य र एक विधेय रहेको हुन्छ । संरचनावादी भाषाशास्त्रीहरूले भाषाका आधारभूत वाक्यहरूको चर्चा गरेका छन् । त्यसैअनुसार नेपालीमा निम्नलिखित आधारभुत वाक्यहरू पाइन्छन्: सकर्मक, अकर्मक, द्विकर्मक, परिचयात्मक र अस्तिवाचक (बन्धु, २०६६ :१०३-१०६) । यी आधारभूत वाक्यको संरचनाहरू यस प्रकार छन् :

सकर्मक - राम लक्ष्मणलाई पढाउँछ ।

अकर्मक - राम हाँस्यो ।

द्विकर्मक - रामले लक्ष्मणलाई किताब दियो ।

परिचयात्मक - राम मेरो भाइ हो ।

अस्तिवाचक - राम घरमा छ ।

सरल वाक्य मिलेर यस प्रकारका वाक्यहरू बन्दछन् :

संयुक्त वाक्य - रामले भात खायो र स्कुल गयो ।

मिश्र वाक्य - जब ऊ आउँछ तब म जान्छु ।

मिलित वाक्य - राम स्कुलबाट फर्क्यौं र खाजा खायो अनि खेल्न गयो ।

२.३ बाहिङ भाषाको परिचय

बाहिङ भाषा किराँती बाहिङहरूको मातृभाषा हो । यस भाषालाई 'प्रोचा लो, रदु लो, रदि लो, यिक्के लो, वाई लो, लो' भनी किराँत बाहिङहरूले आफ्नो समुदायभित्र यसलाई फरक-फरक नामले सम्बोधन गरेको पाइन्छ । विशेष गरी पूर्वी नेपालको ओखल्ढुङ्गा र सोलुखुम्बु जिल्लामा यो भाषा बोलिन्छ । नेपालका विभिन्न ठाउँका अतिरिक्त भारतका दार्जिलिङ, सिक्किमलगायतका भूमिमा यस भाषाका वक्ताहरू रहेका छन् (मेखराज बाहिङ, २०६६:१) ।

भाषाले मानिसको जातीय पहिचान र संस्कृति बोकेको हुन्छ । बाहिङ भाषा किराँत बाहिङहरूको आफ्नै संस्कृति, संस्कार झल्काउने नेपालको राष्ट्रिय भाषा हो । यो भाषा भोट बर्मेली भाषा परिवारअन्तर्गत पर्दछ । यसका वक्ता ११,६५८ रहेका छन् (राष्ट्रिय जनगणना, २०६८ : १६८-१७१) ।

२.३.१ बाहिङ भाषाको विकास

बाहिङ भाषा विकाससम्बन्धी ऐतिहासिक तथा प्राचीन अभिलेख पाइएको छैन । यस भाषाको आधिकारिक लिपि पनि आजसम्म फेला परेको छैन । त्यसकारण पुर्खाहरूको भनाइअनुसार बाहिङ पुर्खाहरू ओङ्कोलु, खोरोपु, साङाका, लुरिपा, खारा-पिलु, पायीवा, दुङ्मोवा, रुखुसालु, तपेल्दु, वारिप्सावा, तीम्रीवा, धीम्रीवा, नेचेपो, आसावा, साम्रीवा, नयङ्गो, धयङ्गो, खारुपासो र नाम्धोङ्मा पाई, खालुवा(खालीवा), रुङ्बु (रुङ्बुढा, रुम्दाली), रेन्दु, (रेन्दुक्पा)हरूको ऐतिहासिक भेट तत्कालीन जङ्गली युगमा भएको मानिन्छ र सम्भवतः रुङ्बु बाहिङ पूर्खाको नामबाट रुम्जाटार भन्ने नाम रहन गएकोले उनीहरूको भेट त्यतै भएको मान्न सकिन्छ र सोही क्षेत्रबाट बाहिङहरूको सभ्यता अगाडि बढ्दै आएको मानिन्छ (मेखराज बाहिङ, २०६८ : १) ।

हड्सन र वर्नर विन्टरले जर्मन रिसर्च काउन्सिलले आयोजना गरेको ई.सं १९८१-१९८४ को नेपालमा भाषाहरूको सर्वेक्षणअन्तर्गत पूर्वाञ्चलमा बोलिने भाषाहरूको अध्ययन गरेका छन् । सो भाषिक सर्वेक्षणद्वारा प्राप्त अध्ययनका आधारमा उनीहरूले 'पूर्वी नेपालका राई भाषाहरू' नामक कृति प्रकाशित गरेका छन् । यही कृतिका आधारमा किराँती भाषाहरूलाई पूर्वी केन्द्रीय र पश्चिमी गरी तीन भागमा वर्गीकरण गरिएको छ । यसै वर्गीकरणको आधारमा बाहिङ भाषा पश्चिम किराँत भाषा अन्तर्गत पर्दछ । किराँत भाषा समूहका भाषाहरूको भिन्नतालाई देखाउँदै आएको यो अध्ययन आजसम्मकै आधिकारिक र प्रमाणिक मानिन्दै आएको पाइन्छ (आचार्य, २०६४ : ४४२-४५०) ।

किराँत बाहिङको उद्गम स्थल पूर्वी नेपालको वल्लो किराँत प्रदेशको ओखल्ढुङ्गा र सोलुखुम्बुको दक्षिण पश्चिम हो । ओखल्ढुङ्गाको देउसुम्बु (राँगादिप), सर्सेपु (बिगुटार), खिस्तो (वरुणेश्वर), चुम्लोलुङ्ग (ओखल्ढुङ्गा), मोप्लोद्याल (अँधेरी), रुम्जाटार, सेर्ना, आँस्वारा(दियाले), माम्खा, मुपुद्याल (रातमाटे), मसेपु (भदौरे), मिफिद्याल (वर्णालु), मोली, केतुके र वाक्सा गा.वि.स. रहेका छन् । बाहिङ भाषीहरू सोलुखुम्बु जिल्लाको सल्यान नेचा, बतासे गा.वि.स. खोटाङको चिउरीबोट, चिचिङ्गा, सल्ले, सङ्खुवासभाको पावाखोला, तुङ्खालिङ, दिदिङ, मकालु र ताप्लेजुङ्गको गोपेटार अनि हाल आएर बसाइँ सराइका क्रममा सुनसरी, झापा, इलाम, उदयपुर, सिन्धुली, काठमाडौं र भारतका दार्जिलिङ, सिक्किमलगायत क्षेत्रमा छरिएर रहेका छन् । बाहिङ भाषामा संस्कृति र साहित्यिक पुस्तकहरू पनि प्रकाशित पाइन्छ भने उनीहरूले आफ्नो समुदायमा बाहिङबाटै आफ्नो अनुभव, भावना, विचारलाई व्यक्त गर्ने हुँदा पुस्तामा रुपान्तरण हुँदै वर्तमानसम्म जीवित रहँदै आएको छ ।

२.३.२ बाहिङ भाषाको भाषिक विशेषता

क) वर्णसम्बन्धी व्यवस्था

बाहिङ भाषामा नेपालीमा जस्तै स्वर र व्यञ्जन वर्णको व्यवस्था रहेको छ । बाहिङ वर्णमाला तथा लेखन पद्धतिको परिचय नामक पुस्तक अनुसार नेपालीका स्वर वर्णहरू मध्ये इ, ऊ, ऐ र औ को प्रयोग बाहिङमा पाइँदैन भनिए पनि 'इ' स्वरको प्रयोग कतै-कतै पाउन सकिन्छ । यसै गरी व्यञ्जन वर्णमा ञ, ण, श, र ष, संयुक्त वर्णमा क्ष, द्द, द्ध, द्य, द्व तथा ऋ को प्रयोग पाइँदैन ।

ख) /ङ्/ वर्णको प्रयोग

बाहिङ भाषामा /ङ्/ वर्णको प्रयोग अन्य वर्णहरू जस्तै पदादि, पदमध्य र पदान्तमा प्रयोग हुन्छ, जस्तै :

अ) बाहिङ भाषामा पदादि/ङ्/

नेपाली	बाहिङ
दाजुभाइ	ङप्सी
बुढा	ङःवा
डरायो	ङिःता

आ) बाहिङ भाषामा पदमध्य /ङ्/

नेपाली	बाहिङ
ठुलो/अग्रज	आङाचा
पाक्दै	मिङ्सोङ्
राती	तिङाची

इ) बाहिङ भाषामा पदान्त /ङ्/

नेपाली	बाहिङ
आउछु	राङा
आउदै	रासोङ्
खान्छु	जाङा

ग) एकाक्षरी धातु

बाहिङ	नेपाली
भाषा	लो
अन्न	का
सुँगुर	पो

घ) दीर्घता अर्थभेदक व्यतिरेक

नेपाली	बाहिङ

खानु/भात	जाचो
झुण्डिनु	जाःचो
गर्नु	पाचो
बाँध्नु	पाःचो
पाक्नु	जीचो
फाट्नु	जीःचो

ङ) पद मध्यमा तीनवटा व्यञ्जनहरूको प्रयोग

नेपाली	बाहिङ
तयार हुनु	झुम्स्चो
पोखिनु	लुङ्स्चो
कक्षा	कक्छ्या

च) अनुनासिक प्रयोग

नेपाली	बाहिङ
माछा	ङाँ
दुम्सी	काँःसी
सुरु गर्नु	प्रँस्चो
तेजपत्ता	पात्राङ्गी

छ) क्रियामा लिङ्ग भेदको अभाव

बाहिङ भाषामा क्रियामा लिङ्ग भेद पाइँदैन, जस्तै :

नेपाली	बाहिङ
राम घर गयो ।	राम खीम् लाता ।
सीता घर गई ।	सीता खीम् लाता ।

बाहिर भाषामा नेपाली भाषामा जस्तो स्पष्ट लिङ्ग भेद वाक्यात्मक रुपमा नआए पनि स्त्री लिङ्ग र पुलिङ्ग दुई किसिमका लिङ्ग रहेका छन्, जस्तै :

नेपाली	बाहिङ
केटो	वाइसा (पुलिङ्ग)

केटी	मिन्चा (स्त्रीलिङ्ग)
छोरो	तावा (पुलिङ्ग)
छोरी	तामी (स्त्रीलिङ्ग)

ज) वचन व्यवस्था

बाहिङ भाषामा एकवचन, द्विवचन र बहुवचन गरी तीन किसिमको वचन व्यवस्था रहेको छ, जस्तै :

नेपाली	बाहिङ
राम खान्छ ।	राम जावा ।
राम(दुई) खान्छन् ।	रामदसी जासे ।
रामहरू खान्छन् ।	रामद जामे ।

झ) वाक्यसम्बन्धी व्यवस्था

बाहिङ भाषामा पनि नेपालीजस्तै कर्ता, कर्म र क्रियाको व्यवस्था रहेको हुन्छ भने ती आधारभूत वाक्यको प्रयोगद्वारा मिश्र र मिलित वाक्यहरू नेपाली वाक्य व्यवस्थाअनुसार नै निर्माण हुन्छ ।

ञ) मानवीय र मानवेतरमा एक रुपता

नेपाली	बाहिङ
मान्छे आयो ।	मुरु राता ।
कुकुर आयो ।	ख्लिचा राता ।
गोरुहरू आयो ।	बिङ्द राम्तामे ।
केटाहरू आए ।	सलचाद राम्तामे ।

अध्याय तीन

नेपाली आदरको सैद्धान्तिक व्यवस्था

३.१ आदर

अन्य व्याकरणले जस्तै आदरले पनि व्याकरणात्मक कोटि दर्साउँछ । यो मानवीय प्रसङ्गमा बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुन्छ । आदर मुलतः स्रोता (द्वितीय पुरुष) र अन्य सन्दर्भ (तृतीय पुरुष)मा व्यक्त हुन्छ । यसका लागि स्रोता सन्दर्भमा आदरार्थी सर्वनामको र अन्य सन्दर्भमा चाहिँ सर्वनामका साथै आदरसूचक नामको प्रयोग हुनसक्छ ।

३.२ आदरका तह

आदरार्थीलाई यसमा निहित आदरको मात्राअनुसार पाँच तहमा देखाउन सकिन्छ, जस्तै : आदररहित- Φ, मध्यम आदर - १, उच्च आदर- २, विशेष आदर- ३, उच्चतर आदर- ४, उच्चतम आदर- ५ । यस्ता आदरार्थीलाई निम्नअनुसारको तालिकामा स्रोता सन्दर्भ र अन्य सन्दर्भका रुपमा नेपाली व्याकरणमा सर्वनाममा प्रयोग भएको पाइन्छ :

तालिका नं. १

स्रोता सन्दर्भ र अन्य सन्दर्भमा आदरका तहहरू

आदरार्थी तह	तह	स्रोता सन्दर्भ		अन्य सन्दर्भ	
		एकवचन	बहुवचन	एकवचन	वहुवचन
आदररहित	Φ	तँ	तिमीहरू	यो, त्यो, ऊ	यी,ती, यिनीहरू, तिनीहरू, उनीहरू
मध्यम आदर	१	तिमी		यी, ती, तिनी, यिनी, उनी, यिन, तिन, उन	यिन, तिन, उन
उच्च आदर	२	तपाईं	तपाईंहरू	उहाँ	उहाँहरू
विशेष आदर	३	यहाँ, आफू	यहाँहरू, आफुहरू	उहाँ, आफू	उहाँहरू, आफूहरू
उच्चतर आदर	४	हजुर	हजुरहरू	(आदरसूचक नाम)	(आदरसूचक नाम)
उच्चतम आदर	५	मौसुफ	मौसुफहरू	मौसुफ	मौसुफहरू

नेपालीमा प्रयोग भएको आदरको तह तालिका (हेमाङ्गराज अधिकारी, २०४९) प्रविष्टि गरिएको छ । नेपाली भाषामा प्रयोग भएको तहगत आदरलाई यसप्रकार देखाउन सकिन्छ :

३.२.१ आदररहित प्रयोग

स्रोता सन्दर्भ तथा अन्य सन्दर्भ जस्ता आदरमा आदर नजाउने वा आदरका दृष्टिले अचिन्हित आदरहरू प्रयोगमा पर्छन्, जस्तै : तँ मोटा छस् ।, ऊ मोटो छ ।, तँ कहिले जान्छस् ? हरि कहिले आउँछ ?, तँ मोटी छस् ।, ऊ मोटी छ ।, तँ कहिले जान्छेस् ? सीता कहिले आउँछे ?, एकादेशमा एउटा केटो थियो ।, एकादेशमा एउटी केटी थिई । जस्ता वाक्यहरूमा एकवचनमा स्रोता र अन्य सन्दर्भमा आदररहित प्रयोगहरू स्पष्ट रुपमा देखिन्छन् । स्रोता सन्दर्भमा अन्य सन्दर्भमा भन्दा वक्ता र स्रोताको प्रत्यक्षता रहने हुँदा यसमा आउने आदररहित प्रयोगहरू सबल ठानिन सक्छन् । स्त्रीलिङ्गमा भने आदररहित प्रयोगमा केही भिन्नता पाइन्छ ।

आदररहित प्रयोगका सम्भाव्य प्रसंगहरू पनि पाइन्छन् । नाता सम्बन्ध वा उमेरका दृष्टिले सानो व्यक्ति, पद, प्रतिष्ठा, व्यवसाय र जातका दृष्टिले आफूभन्दा तल्लो ठानिने व्यक्ति समकक्षीय अति घनिष्ठ व्यक्ति आदररहितको बहुवचनलाई चाहिँ आदरको तटस्थता दर्साउँछ भने बहुवचनमा आदरविहीनता पनि व्यक्त हुँदैन, आदर पनि स्पष्ट हुँदैन, जस्तै : तिमीहरू मोटा/मोटी छौ ।, उनीहरू मोटा/मोटी छन् ।

३.२.२ मध्यम आदर

मध्यम (सामान्य) आदर व्यक्त गर्दा क्रियापद स्पष्टतः बहुवचनमा हुन्छ । मानवीय जातिवाचक नाम ओकारान्त छ भने बहुवचनमा जस्तै यसमा पनि आकारान्त हुन्छ । सर्वनामहरू पनि केही भिन्न प्रकृतिका हुन्छ तर कुनै पनि नाम वा सर्वनामले बहुवचन बोधक 'हरू' लिँदैनन् । ओकारान्त विशेषण र भेदक पनि आदर व्यक्त गर्दा बहुवचनमा जस्तै आकारान्त हुन्छन्, जस्तै : 'साना कान्छा पढ्दैछन् ।', 'ठूला भाइ आए ।', 'यिनी हरिका छोरा हुन् ।' त्यस्तै व्यक्तिवाचक नाम कर्ता बनी क्रियापद भने बहुवचनमा आएमा मध्यम आदर व्यक्त हुन्छ, जस्तै : 'राम घर गए ।', 'विमल दौडदैछन् ।' यस्तै विशेषण र भेदक ओकारान्त भएमा विशेष्यअनुसार ती आकारान्त हुन्छन्, जस्तै : 'दशरथका जेठा छोरा राम आयोध्याका राजा भएका थिए ।'

'यिन, तिन, उन' ले पनि यिनी, तिनी, उनी जस्तै मानवीय सन्दर्भमा एक व्यक्तिलाई जनाएमा मध्यम आदर व्यक्त गर्छन्, जस्तै : 'यिनीले/यिनले सबै कुरा भने ।', 'उनीले/उनले मसँग पैसा मागे ।' तर एकभन्दा बढी व्यक्ति जनाउने सन्दर्भमा चाहिँ 'यिन, तिन, उन' बाट पनि आदर व्यक्त हुँदैन, बहुवचन नै बुझिने हुन्छ । सविभक्तिका स्थितिमा पनि ओकारान्त नाम र विशेषण (भेदकसहित) आकारान्त बन्न सक्छन् । फेरि आदर जनाउँदा चाहिँ यी निर्विभक्तिक स्थितिमा नै पनि आकारान्त हुने हुन्छन् । तापनि सविभक्तिकमा अतिर्यक् रुप वैकल्पिक भई दुवै प्रचलित हुन सक्छन् । यस्तामा आदररहित जनाउँदा अतिर्यक् र आदर जनाउँदा चाहिँ तिर्यक् नै प्रयोग हुने सम्भावना पनि रहन्छ, जस्तै : 'सानो भाइले उसलाई बोलायो ।', 'साना भाइले उसलाई बोलायो/बोलाए ।', 'हरिले ठूलो मामालाई देख्यो ।', 'हरिले ठूला मामालाई देख्यो ।' 'मैले उसको जेठो सालोलाई भेटें ।', 'मैले उनका जेठा सालालाई भेटें ।' यसरी यी वाक्यमा आकारान्त हुने शब्दले यस्तो नहुने शब्दले भन्दा सापेक्षित रुपमा आदरको आभास गराउँछन् ।

मध्यम आदरार्थी प्रयोगका सम्भाव्य प्रसंगहरू: समकक्षीय घनिष्ठ व्यक्तिहरूमा, उमेरले आफूभन्दा सानालाई बढी माया तथा प्यार दर्साउँदा, व्यक्तिगत हार्दिकता तथा आत्मीयता दर्साउँदा, पद, प्रतिष्ठा र कार्यका दृष्टिले आफूभन्दा तल्ला ठानिने व्यक्तिहरूमा उच्च आदरार्थी प्रयोग हुन सक्ने व्यक्ति परोक्ष रहेका स्थितिमा ।

३.२.३ उच्च आदर

नेपाली भाषामा निम्नअनुसारका स्रोता सन्दर्भ तथा अन्य सन्दर्भ गरी उच्चआदरमा दुईप्रकारको प्रयोग भएको पाइन्छ, जस्तै :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
तपाईं चिठी लेख्नुहुन्छ ।	उहाँ चिठी लेख्नुहुन्छ ।
तपाईंले कथा सुनाउनुभयो ।	उहाँले कथा सुनाउनुभयो ।
	दाजुले हरिलाई बोलाउनुभयो ।

उच्च आदरार्थीमा स्रोता सन्दर्भ जनाउने शब्द 'तपाईं' हो र अन्य सन्दर्भ जनाउने चाहिँ 'उहाँ' शब्दमा 'हरू' थपिने हुन्छ । दुवै स्थितिमा क्रियापदहरूको रुप भने एकवचनमा रहन्छ । अझ श्रोतासन्दर्भमा पनि तृतीय पुरुषकै रुपहरू प्रचलित हुन्छन् । यही स्थिति विशेष, उच्चतर र उच्चतम आदरमा पनि भेटिन्छ ।

उच्च आदरार्थी जनाउन संयुक्त क्रियाहरूको प्रयोग गरिन्छ । यस्ता क्रियाहरू कृदन्तीय 'नु' प्रत्ययान्त क्रियासँग भवनार्थक 'हु' धातुका विभिन्न रुपहरू जोडिई बनेका हुन्छन् । संयुक्त भाववाचक हुने हुँदा उच्च आदरार्थीमा संयुक्त क्रियाको स्थिति यसप्रकार देखिन्छ, जस्तै :

उहाँ/उहाँहरूको भाषाका पुस्तक किन्नु+भयो ।

उहाँ/उहाँहरू गीता पढ्नु+हुन्छ ।

किन्नु, पढ्नु जस्ता भाववाचक नामसँग कर्ता (उहाँ/उहाँहरू)को प्रत्यक्ष अन्वय हुनेहुँदा कर्ताले आफ्नो लिङ्ग, वचनअनुसार यस्ता नामलाई प्रभावित पार्न सक्दैन । त्यसपछि आउने भयो, हुन्छ जस्ता सहायक क्रिया चाहिँ 'नु' प्रत्ययान्त कृदन्तसँग मात्र प्रत्यक्षतः अन्वित हुने भएकाले यस्ता क्रिया उहाँ/उहाँहरू जस्ता शब्दहरूबाट संगतिका दृष्टिले अप्रभावित नै रहन्छन् ।

उच्च आदर व्यक्त गर्न स्त्रीलिङ्गका लागि छुट्टै क्रियापदीय रुपको प्रयोग हुदैन । तर स्त्रीलिङ्ग चिन्हित हुन सक्ने नाम, विशेषण (भेदक समेत) भएमा चाहिँ तिनको आ-आफ्नो व्यवस्थाअनुरुप विभेदकता व्यक्त हुन सक्छ, जस्तै :

पुलिङ्ग	**स्त्रीलिङ्ग**
तपाईं विश्वासिलो हुनुहुन्छ ।	तपाईं विश्वासिली हुनुहुन्छ ।
उहाँ मेरा काका हुनुहुन्छ ।	उहाँ मेरी काकी हुनुहुन्छ ।
रामका दाजुले कथा सुनाउनु भयो ।	रामकी दिदीले कथा सुनाउनु भयो ।

बहुवचनमा चाहिँ विशेषण र भेदक पनि लिङ्गका दृष्टिले सामान्यतः तटस्थ रहन्छन् । यही स्थिति अन्य आदरार्थी (विशेष, उच्चतर, उच्चतम) मा पनि देखिने हुन्छ । उच्च आदरार्थीमा आदरबोधक बनी आउन सक्ने व्यक्तिवाचक नाम र पद-प्रतिष्ठावाचक नामका अन्त्यमा जी/ज्यूको प्रयोग पनि हुन सक्छ, जस्तैः 'हरिजी, गुरुङजी, भट्टराईजी, सभापतिजी/ज्यू, अध्यक्षजी/ज्यू, निर्देशकज्यू, कुलपतिज्यू, मन्त्रीज्यू' । त्यस्तै विदेशी, आगन्तुक शब्दमा भने पद-प्रतिष्ठावाचकका अन्त्यमा 'साहेव' को प्रयोग भएको पनि भेटिन्छ, जस्तै : 'डाक्टरसाहेव, डाइरेक्टर साहेव, इन्स्पेक्टर साहेव, वकिल साहेव, सुब्बा साहेव' भने केही अन्य शब्दमा पनि 'साहेव'को प्रयोग देखिन्छ, जस्तै : 'ज्वाईंसाहेव, रानीसाहेव'

उच्चआदर र सोभन्दा माथिल्ला आदरार्थीमा यस्ता शब्द वा पदावलीको प्रयोग हुने सम्भावना रहन्छ । उच्च आदरार्थी प्रयोगका प्रसंगहरू, जस्तै : नाताले आफूभन्दा उच्च मानिने व्यक्तिहरूमा, पद-प्रतिष्ठाका दृष्टिले उच्च व्यक्तिहरूमा, साथी-सहकर्मीहरूमा औपचारिकता

दर्साउँदा, प्यार, ठट्टा, उपहास दर्साउँदा बालकहरूसँग पनि उच्च आदरको प्रयोग भएको देखिन्छ ।

३.२.४ विशेष आदर

उच्च आदरार्थीकै प्रसङ्गविशेषमा मानबोधक 'आफू' शब्दको प्रयोग भेटिन्छ,जस्तै :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
आफू कहिले आउनुभयो ?	आफू घरै हुनुहुन्छ ।
त्यसबेला आफूहरू विराटनगरमा हुनुहुन्थ्यो ।	आफू हिजो जानुभयो ।

स्रोता सन्दर्भमा आउने 'आफू' तपाईंको प्रयोग हुन सक्ने सन्दर्भमा केही विशेष आत्मीयता वा सम्मान दर्साउन आउने हुन्छ । यस्तो प्रयोग प्रश्नात्मक वाक्यमा बढी देखिन्छ । अन्य सन्दर्भमा चाहिँ 'उहाँ'को छनोट हुन सक्ने स्थितिमा आत्मीय पुरुषलाई वा पतिलाई पत्नीले 'आफू'को प्रयोग गरेको कतै कतै भेटिन्छ । यसरी आदरार्थी 'आफू' ले सीमित वा प्रसङ्ग विशेषको शैलीलाइ संकेत गर्छ । 'यहाँ' शब्द 'आफू'भन्दा केही बढी प्रचलित देखिन्छ । यसलाई पनि 'तपाई'भन्दा केही विशेष ठानेर नै वक्ताले प्रयोग गर्ने हुन्छ तर यसको अन्य सन्दर्भमा चाहिँ उच्च आदरकै 'उहाँ' को प्रयोग गरिने हुन्छ, जस्तै :

निकटवर्ती सन्दर्भ	**दूरवर्ती सन्दर्भ**
यहाँ अचेल कहाँ हुनुहुन्छ ?	उहाँ अहिले कहाँ हुनुहुन्छ ?
यहाँहरूले धेरै ठूलो काम थाल्नुभयो ।	उहाँहरू मेरो मित्र हुनुहुन्छ ।
यहाँ कतिबेला पाल्नुभयो ?	उहाँ कतिबेला पाल्नुभयो ?

'यहाँ' ले निकटवर्ती र 'उहाँ' ले दूरवर्ती सन्दर्भ जनाउन सक्ने हुँदा यी दर्शक सर्वनाम पनि हुन् । त्यसैले पनि यिनले जनाउने आदरको तहमा धेरै भिन्नता नरहन सक्छ तर 'तपाई' को अन्य सन्दर्भमा भन्दा 'यहाँ' को अन्य सन्दर्भमा आउने 'उहाँ' ले केही विशिष्ट प्रसङ्ग लिने हुन्छ । उक्त समानान्तर सन्दर्भमा प्रयोग हुने 'यहाँ' र 'उहाँ' ले कतिपय स्थितिमा 'पाल्' धातुका प्रयोगहरू (पाल्नुहुन्छ, पाल्नुभयो, पाल्नुहोस्) उपयोग गर्न सक्छन् ।

३.२.५ उच्चतर आदर

'हजुर' ले अझ विशिष्ट वा भिन्न सन्दर्भ दर्साउन सक्छ, जस्तै :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
हजुर खुब पढिबक्सिन्छ ।	बाबुसाहेव घर होइबक्सिन्छ ।

हजुरहरूलाई के सोधिबक्सियो ?　　　　रानीसाहेव कुरो बुझिबक्सियो ।

दिज्यूहरूले चिठी लेखिबक्सियो ।

नेपालीमा सर्वनामका रुपमा 'हजुर' शब्दले श्रोतासन्दर्भलाई जनाउँछ र यसको अन्य सन्दर्भ जनाउने सर्वनाम चाहिं देखिँदैन । त्यसका लागि आदरसूचक प्रकृतिका नामहरू आउने हुन्छन् । 'हजुर' शब्द खास किसिमका उच्चवर्गीय परिवारमा 'तपाईं' स्तरकै उच्च आदर र अन्य स्थितिमा सोभन्दा उच्चतर आदर वा विशेष शिष्टता दर्साउन प्रयोग गरिन्छ । यसको स्तरीय प्रयोगमा दानार्थक 'दि' धातुका सट्टा 'बक्सि' कृदन्तीय क्रियाहरूसँग सहायक क्रियाका रुपमा 'बक्सि' धातुका रुपहरू (गरिबक्सिएको छ, सुनिबक्सियो...) उपयोग हुन्छन् । 'बक्सि' धातुको संक्षिप्त रुप 'सि' लाई सहायक क्रियाका रुपमा उपयोग गरेर पनि यस किसिमको आदरार्थी व्यक्त गरिन्छ तर यस्तो आदरार्थी व्यक्त गरिन्छ तर यस्तो आदरार्थी अनौपचारिक शैलीका रुपमा मात्र प्रचलित छ, जस्तै :

हजुर खुब पढिसिन्छ । हजुरहरूले सोधिसियो ।

ज्वाईंसाहेव घर होइसिन्छ । दिज्युले चिठी लेखिसिएन ।

३.२.६ उच्चतम आदर

उच्चतम आदर राजपरिवारका लागि प्रयोग हुन्छ । यस्तो आदर व्यक्त गर्न उच्चतर, आदर जनाउने क्रियापदहरू नै प्रयोगमा आउँछन् तर वाक्यरचना, शब्द तथा पदावलीमा पनि फरक विशेषता भेटिन्छन् :

स्रोता सन्दर्भ	अन्य सन्दर्भ
मौसुफबाट प्रदर्शन नजर गरिबक्सिन्छ ।	मौसुफबाट प्रदर्शनी नजर गरिबक्सिन्छ ।
सरकार, हुकुम बक्सियोस् ।	सरकारबाट दर्शनभेट बक्सियो । श्री ५ सवारी होइबक्सियो ।

उच्चतम आदर जनाउँदा मौसुफका साथै 'सरकार' शब्द पनि स्रोता र अन्य दुवै सन्दर्भमा प्रचलित हुन सक्छन् । त्यसैले प्रयोगबाट मात्र यिनको भिन्नता छुट्याउनु पर्ने हुन्छ । कर्ताले 'ले' विभक्ति प्रयोग हुने ठाउँमा उच्चतम आदरार्थी जनाउँदा 'बाट' को प्रयोग हुन्छ । विशेषण र भेदक शब्दहरू पनि उच्चतम आदरार्थीमा लिङ्गविभेद हुँदैनन्, जस्तै : 'हाम्रा बडामहारानीबाट उपहार बक्सियो ।' तथा 'महिला अधिराजकुमारी सवारी होइबक्सियो ।'

नेपाली भाषामा नै औपचारिक घोषणा र हुकुमहरूमा वक्ता सन्दर्भमा पनि उच्चतम आदरार्थीको प्रयोग भएको भेटिन्छ, जस्तै : 'हामीबाट घोषणा गरिबक्सेका छौं ।'

नोटः माथि उल्लेखित ६ वटा आदर सैद्धान्तिक रूपमा देखिए पनि आम व्याकरणात्मक सैद्धान्तिक आदर निम्न, मध्यम, उच्च र अति उच्च आदरार्थीहरुको प्रयोग भएको पाइने हुँदा सोही आधारमा अध्याय चारको नेपाली र बाहिङमा आदरको तुलनात्मक अध्ययन शीर्षकअन्तर्गत आम प्रचलनमा रहको निम्न, मध्यम, उच्च र अति उच्च आदरलाई आधार मानी तुलना एवं विश्लेषण गरिएको छ ।

३.३.कर्ता-इतर स्थितिमा आदरार्थी

वाक्यको कर्तामा जति आदरको विभिन्नता व्यक्त हुनसक्छ, अन्य स्थितिमा त्यस्तो विभिन्नता व्यक्त हुँदैन । कर्ता-इतर स्थितिमा ओकारान्त नाम, विशेषण र भेदकले आफू आकारान्त भई कतै कतै आदर व्यक्त गर्न सक्छन्, जस्तै : रामले भरपर्दो साथी भेट्यो ।

तर यस्ता वाक्यमा आएका पद/पदावलीले व्यक्त गरेको आदर कुन तहको हो भन्ने स्पष्ट हुँदैन । किनभने यस्ता क्रियापदमा वक्ताले चाहेअनुसारको आदरार्थी सङ्गति देखाउन सकिने स्थिति रहँदैन । फेरि ओकारान्त हुँदा बहुवचन तथा विभक्तिको तिर्यकीकरण मात्र पनि बुझिने हुनाले यस्ता कतिपय प्रयोगमा आदरार्थी अस्पष्ट हुन सक्छ, जस्तै : श्यामले जेठालाई बोलायो ।, कमला ससुरादेखि डराइन् ।

पूरक पद/पदावलीमा आएको ओकारान्त शब्द आकारान्त भएर पनि आदर व्यक्त हुनसक्छ, जस्तै : उनी हरिका कान्छा छोरा हुन् ।, उहाँ मेरा मामा हुनुहुन्छ ।

विशेषतः कर्मपूरकका रुपमा आउने ओकारान्त विशेषण एकवचनमा आदरार्थीका दृष्टिले कतै अतिर्यक्मा रही तटस्थ भएको हुन्छ, जस्तै : मैले (उहाँलाई, उनीहरू) दुब्लो देखें ।

३.४ कृदन्तीय विशेषण पदावली र आदरार्थी

आदरार्थी कुनै अन्य पदको कृदन्तीय विशेषण बनी संश्लिष्ट भएमा त्यस्ता शब्दमा आदर वैकल्पिक रुपमा मात्र चिन्हित हुन्छ, जस्तै :

वाक्य	**रुपान्तरित विशेषण पदावली**
उहाँले दिनु भएको किताब मैले पढें/	
उहाँले दिएको किताब मैले पढें ।,	
उहाँले किताब दिनुभयो >	उहाँले दिनुभएको किताब/

उहाँले दिएको किताब ।

यसै प्रकारको स्थिति तलका वाक्यहरूमा पनि देख्न सकिन्छ, जस्तै :

तपाईंले बोलाउनु भएको मान्छे उहाँ हुनुहुन्छ/

तपाईंले बोलाएको मान्छे उहाँ हुनुहुन्छ ।

मौसुफबाट नजर गरिबक्सने कार्यक्रम राम्रो हुनुपर्छ/

मौसुफबाट नजर गरिने कार्यक्रम राम्रो हुनुपर्छ ।

३.५ सम्बोधन र आदरार्थी

सम्बोधन स्रोताको ध्यान वक्ताप्रति आकर्षित गर्ने युक्ति हो । सामान्यतः वाक्यसँग यसको प्रत्यक्ष सम्बन्ध रहँदैन । तहले सम्बोधन प्रभावित हुन्छ । आदररहित र मध्यम आदरभन्दा माथिल्ला आदरमा सम्बोधनको प्रयोगको संभावना कम हुदैन जान्छ, जस्तै :

ए राम, यता आइज ।

ए राम/राम, यता आऊ ।

दाइ/राम, यता आउनुहोस् ।

हजुर, आइबक्सियोस् ।

सरकार, नजर गरिबक्सियोस् ।

नेपालीमा उच्च र सोभन्दा माथिल्ला आदरार्थी सम्बोधनद्वारा ध्यानाकर्षण गर्ने प्रचलन कम छ । त्यसमा पनि आदरणीय व्यक्तिलाई नाता वा व्यक्तिको नाम उल्लेख गरेर सम्बोधन गर्नु अशिष्टता वा संकोच मानिन्छ । तर सभा, समारोहमा गरिने सम्बोधनमा भने भिन्नै किसिमका शब्द तथा पदावलीको प्रयोग हुन्छ, जस्तै :

दाजुभाइबहिनीहरू, साथीहरू हो, महिला तथा सज्जनवृन्द, आदरणीय सभापतिज्यू... आदि ।

३.६ आदरार्थी : प्रत्यक्षता-परोक्षता

आदर गरिने व्यक्ति प्रत्यक्ष रहेमा सो व्यक्तिअनुरुप अधिकतम तहका आदरार्थीको प्रयोग हुने सम्भावना रहन्छ । स्रोतासन्दर्भका लागि आदरार्थी सर्वनामहरूको संख्या बढी हुनुबाट यो कुरा स्पष्ट हुन्छ । आदर गरिने व्यक्ति जति परोक्ष हुन्छ, त्यति आदरको तह घट्न सक्छ । यसकारण ऐतिहासिक, पौराणिक तथा राष्ट्रिय अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तिहरूको वर्णनमा पनि मध्यम आदरको प्रयोगलाई स्वाभाविक मानिन्छ, जस्तै :

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेका थिए ।

त्यसबेला भारतमा इन्दिरा गान्धी प्रधानमन्त्री थिइन् ।

दशरथका छोरा राम अयोध्याका राजा भए ।

माधव घिमिरे नेपाली साहित्यका सुप्रसिद्ध कवि हुन् ।

तर विशेष सम्मान झल्काउनु पर्दा वा तत्स्थानिक/तत्कालिक विवरण प्रस्तुत गर्नुपर्दा व्यक्तिअनुसार उच्चतम आदरकै प्रयोग गर्ने प्रचलन छ ।

३.७ कोटिकारका आधारमा नामको आदरार्थी

नेपाली नामभन्दा अगाडि र संख्यावाचक शब्दपछाडि आउने जना र वटा जस्ता शब्दलाई कोटिकार भन्ने चलन छ । यी दुई कोटिकार (जना र वटा) का आधारमा पनि नामको आदरार्थी भेद छुट्टिन्छ, जस्तै :

१) स्कूलमा दुईजना शिक्षक र दुईजना पाले थिए ।

२) स्कुलमा दुईजना शिक्षक र दुईवटा पाले थिए ?

३) दुईवटा शिक्षक आए ?

यहाँ वाक्य (३) को प्रयोग प्राय: हुँदैन भन्ने देखाउन प्रश्नार्थक चिन्हहरू राखिएको छ । यसबाट के बुझिन्छ भने बढी आदर गरिने व्यक्तिसँग 'जना' र कम आदर गरिने व्यक्तिसँग 'वटा' कोटिकार लाग्ने प्रवृत्ति देखिन्छ ।

३.८ पदसंगतिका आधारमा नामको आदरार्थी

नाम र सार्वनामको पदसङ्गतिका आधारमा नामको आदरार्थीको भेद माथि दिइयो । यहाँचाहि नामसँग क्रिया र नामसँग विशेषक पद (मोडिफायर) का बीचको पदसङ्गति (अग्रीमेन्ट)का आधारमा आदरार्थीको भेद छुट्याइन्छ ।

पदसङ्गतिको आधारमा पनि नेपाली नामको चार प्रकारकै आदरार्थी भेद पाइन्छ । तल प्रत्ययगुच्छ दिइएका छन् । जसमा पहिलो तेस्रो लहरले पुलिङ्गमा र दोस्रो तेस्रो लहरले पुलिङ्ग र दोस्रो तेस्रो लहरले स्त्रीलिङ्ग बुझाउँछ भने तीनवटा ठाडा स्तम्भमध्ये दोस्रो स्तम्भले नामको प्रत्यय जनाउँछ तेस्रो स्तम्भले क्रियाको भुतकालमा प्रत्यय जनाउँछ र पहिलो स्तम्भले विशेषक पद (विशेषण र सम्बन्धपद) को प्रत्यय जनाउँछ, जस्तै :

आदर	**पुलिंग**	**स्त्रीलिंग**
अतिउच्च(दरबारी)=	आ आ ओ	आ ई ओ
उच्च =	आ आ ओ	ई ई ओ

मध्यम	=	आ आ ए	ई ई इन्
निम्न	=	ओ ओ ओ	ई ई ई

३.९ वचनका आधारमा आदरार्थी

नेपाली मध्यम आदरार्थीको पुलिङ्गी रुप हेर्ने हो भने एउटा मान्छे बुझाउन पनि बहुवचनकै प्रयोग गर्नुपर्छ, कहाँसम्म भने उल्लिखित वाक्यले एकवचन बुझिने हो कि बहुबचन केही पनि छुट्टिदैन, जस्तै : हाम्रा भाञ्जा आए (एक, बहु) । यसरी दक्षिण एसियाका अधिकांश भाषामा पाइने एकवचन बुझाउन बहुवचनको प्रयोग गरेर आदरार्थी बनाउने प्रक्रिया नेपाली मध्यम आदरार्थीका लागि लागु हुन्छ । मध्यम आदरको लोककथा, गीत र बोलचालमा, राजा रानी र देउताका लागि पनि नै प्रयोग गरिन्छ, जस्तैः कलम समाऊ हे राजा ... ।, वनदेव प्रकट भए ।, वनदेवी प्रकट भइन् ।, घाम झुल्के ।, शालिग्राम भेटिए ।, गाई आइन् ।

यसबाट के बुझिन्छ भने मध्यम आदरार्थी नै नेपालीको मौलिक आदरार्थी हो 'तपाईं', 'हजुर', 'मौसुफ' द्वारा व्यक्त गरिने नामका आदरार्थी भेदहरू क्रमशः पछि विकसित भएका रहेछन् । नेपाली भाषाको इतिहास हेर्दा पनि यो कुरो स्पष्ट हुन्छ । सके यसै कारणले गर्दा नै उच्च र दरबारी आदरार्थीमा नाम र विशेषणमा बहुवचन (आ) क्रियामा चाहिँ एकवचन (ओ) यस्तो अपूर्णता शेष रहन गएको होला । मध्यम आदरार्थीको स्त्रीलिङ्गीको छुट्टै बहुवचन रहेछ क्यारे भन्ने अड्कल गर्न सकिन्छ ।

३.१० पुरुषका आधारमा आदरार्थी

संसारकै भाषामा आदरार्थी भेद छ भने मध्यम पुरुषमा नै बढी पाइएको छ । नेपालीमा पनि मध्यम पुरुषमा आदरार्थीका जति भेद छन्, त्यति अन्य पुरुषमा छैनन् र अन्य पुरुषमा जति भेद छन् । त्यति उत्तम पुरुषमा छैन, (जस्तै सर्वनामकै आधारमा पनि) । मध्यमपुरष : तँ ? तपाइँ ? हजुर ? मौसुफ । अन्यपुरुष : त्यो ? तिनी ? उहाँ । उत्तमपुरुष : म ? हामी ।

उत्तम पुरुषको आदरार्थी (हामी) चाहिँ प्रायः धाक् छोड्दा र दरवारी अनुशासनमा प्रयोग गरिएको पाइन्छ, जस्तै : हामीलाई (= मलाई) पनि थाहा छ ।, हामीलाई (= मलाई) कसैले सोधेन । हामीबाट गरिबक्सेका छौ (=मैले गरेको छु) ।

३.११ वाच्य र आदरार्थी

दरबारी आदरार्थीमा सधैं भाव कर्मवाच्यको प्रयोग हुन्छ, जस्तै : श्री ५ बाट पुलको उद्घाटन गरिबक्स्यो ।

३.१२ प्रयोग सन्दर्भगत विविधता

आदरार्थीको प्रयोगमा वक्ता, श्रोता र अन्यसन्दर्भ महत्वपूर्ण त्रिकोण हुन् । वक्ता को हो र ऊ कसलाई श्रोता बनाई कुरो गर्दैछ, कसको बारेमा कुरो गर्दैछ, त्यसलाई ऊ सामाजिक दृष्टिले कस्तो तहको ठान्छ, वक्ता र श्रोताका बीच के कस्तो संवेगात्मक सम्बन्ध छ आदि कुराबाट आदरार्थी प्रभावित हुन सक्ने हुँदा आदरार्थीको प्रयोगपक्ष निकै लचिलो हुन्छ । एउटै व्यक्तिका प्रयोगहरू वक्तालाई उपलब्ध हुन सक्छन् । त्यसैले यसको सही प्रयोगका लागि व्याकरणात्मक पक्ष मात्र नभई प्रयोगप्रसंगको विविधता समेत जिम्मेवार हुन्छ (हेमाङ्गराज अधिकारी, २०४९) ।

अध्याय चार

नेपाली र बाहिङमा आदरको तुलनात्मक अध्ययन

४.१ सर्वनाममा आदर

नेपाली तथा बाहिङ भाषामा सर्वनामका रुपमा निम्नअनुसारका आदरहरू प्रयोग भएका पाइनेहुँदा उक्त सर्वनामहरूलाई तालिकामा देखाइएको छ :

तालिका नं. २

नेपाली र बाहिङमा सर्वनामको आधारमा आदरार्थी

आदरार्थी	तह	स्रोतासन्दर्भ				अन्य सन्दर्भ			
		एकवचन		बहुवचन		एकवचन		बहुवचन	
		नेपाली	बाहिङ	नेपाली	बाहिङ	नेपाली	बाहिङ	नेपाली	बाहिङ
आदर रहित	Φ	तँ	गो़	तिमीहरू	गनीदु	यो त्यो ऊ	एम् मे़म् आम्	यी ती यिनीहरू तिनीहरू उनीहरू	- - एम्द मे़म्द आम्द
मध्यम आदर	१	तिमी	-			यी, ती यिनी, तिमी, उनी, यिन, तिन, उन	- - - -	यिन तिन उन	- - -
उच्च आदर	२	तपाईं	गनी	तपाईंहरू	गनीद	उहाँ	आम्द	उहाँहरू	आम्द
विशेष आदर	३	यहाँ आफू	- दःब	यहाँहरू आफूहरू	- दःब	उहाँ आफू	आम्द दःब	उहाँहरू, आफूहरू	आम्द, दःबद
उच्चत आदर	४	हजुर	-	हजुरहरू	-	(आदरसूचक नाम)		(आदरसूचक नाम)	
उच्चतम आदर	५	मौसुफ	-	मौसुफहरू	-	मौसुफ		मौसुफहरू	

नोटः नेपालीमा प्रयोग भएको आदरको तहगत तालिका हेमाङ्गराज अधिकारी, (२०४९) बाट प्रविष्टि गरिएको छ भने सोही आधारमा बाहिङ भाषाको सर्वनामलाई व्यवस्था गरिएको छ।

४.१.१ आदररहित प्रयोग

आदर नजनाउने वा आदरका दृष्टिले अचिन्हित प्रयोग पर्छन् :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
तँ राम्रो छस्।	ऊ राम्रो छ।

तँ मोटो छस्   ऊ मोटो छ ।

तँ कहिले आउँछस् ?   ऊ कहिले आउँछ ?

यहाँ एकवचन स्रोता र अन्य सन्दर्भमा स्पष्ट आदररहित प्रयोग देखिन्छ । वक्ता र स्रोता प्रत्यक्ष रुप रहने भएकाले अन्य सन्दर्भमा भन्दा स्रोता सन्दर्भमा आदररहित प्रयोग सबल देखिनसक्छ (अधिकारी, २०४९ :९२) । माथि उल्लिखित आदररहित नेपाली वाक्यहरूलाई बाहिङ भाषामा निम्नअनुसार हेर्न सकिन्छ :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
गो़ रिम्ळा बङे ।	आम् रिम्ळा ब ।
गो़ से नुळा बङे ।	आम् से नुळा ब ।
गो़ गे़ना पिःय ?	आम् गे़ना पी ?

नेपाली भाषाकै अनुरुप बाहिङमा पनि स्रोता र अन्य सन्दर्भमा आदररहित प्रयोग भएको पाइन्छ । यहाँ 'बङे' (छस्), 'पिःय' (आउँछस्) स्रोता सन्दर्भ आदररहित र 'ब' (छ), 'पी' (आउँछ) अन्य सन्दर्भमा आदररहित प्रयोग भएको देखिन्छ ।

४.१.२ मध्यम आदर

मध्यम आदर व्यक्त गर्दा क्रियापद स्पष्ट बहुवचनमा हुन्छ :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
तिमी राम्रा छौ ।	उनी राम्रा छन् ।
तिमी मोटा छौ ।	उनी मोटा छन् ।

विशेष र भेदक व्यक्त गर्दा पनि बहुवचन मध्यम आदर हुन्छ, जस्तै :

ठूला भाइ आए ।
साना नानी पढ्दैछन् ।

व्यक्तिवाचक नाम कर्ता बनी क्रियापद बहुवचनमा आए मध्यम आदर हुन्छ, जस्तै :

राम खेल्न गए ।

श्याम स्कुल गए ।

बाहिङमा प्रस्तुत नेपालीको मध्यम आदरलाई हेर्दा यस भाषामा मध्यम आदर पाइँदैन । किनभने एकवचन नाम वा सर्वनाममा 'छौ', 'छन्', 'आए', 'गए' जस्ता मध्यम आदर क्रियापद देखिँदैन । 'राम खेल्न गए' वाक्य बाहिङमा 'गए' क्रियामा कि त निम्न आदर 'लाता' (गयो), कि बहुवचन मध्यम आदर 'लाम्तामे' (गए) क्रियाको मात्रै प्रयाग हुने देखिन्छ । यसै गरी मध्यम आदर बहुवचन विशेषण (ठूला, साना, राम्रा, मोटा आदि) को प्रयोग पनि यस भाषामा पाइँदैन ।

४.१.३ उच्च आदर

उच्च आदर व्यक्त गर्दा निम्नअनुसारका सर्वनामहरूको प्रयोग हुन्छ, जस्तै :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
तपाईं घर आउनुहुन्छ ।	उहाँ घर आउनुहुन्छ ।
तपाईं खाना खानुभयो ।	उहाँ खाना खानुभयो ।

उच्च आदर 'तपाईं' र 'उहाँ' शब्दमा बहुवचन जनाउनका लागि 'हरू' थाप्नु पर्छ । तर क्रियापदको स्थिति भने दुवै रुपमा एकवचन नै देखिन्छ ।

उच्च आदरार्थी जनाउन संयुक्त क्रियाहरूको पनि प्रयोग गरिन्छ । यस्ता क्रियाहरू कृदन्तीय 'नु' प्रत्यान्त क्रियासँग 'हु' धातुका विभिन्न रुपहरू जोडिई बनेका हुन्छन्, जस्तै : उहाँ/उहाँहरू घर आउनु + हुन्छ ।

उच्च आदर व्यक्त गर्नका लागि क्रियापदमा लिङ्ग भेद नदेखिए पनि स्त्रीलिङ्गी चिन्हित भेदक व्यवस्था रहेको देखिन्छ, जस्तै :

पुलिङ्ग	**स्त्रीलिङ्ग**
तपाईं विश्वासिला हुनुहुन्छ ।	तपाईं विश्वासिली हुनुहुन्छ ।
उहाँ मेरा काका हुनुहुन्छ ।	उहाँ मेरी काकी हुनुहुन्छ ।

उच्च आदरार्थीमा आदरबोधक बनी आउन सक्ने व्यक्तिवाचन नाम, पद-प्रतिष्ठावाचक नामका अन्त्यमा 'जी/ज्यू' को प्रयोग पाइन्छ, जस्तै : रामजी, राईजी, अध्यक्षजी, मन्त्रीज्यू, कूलपतिज्यू । त्यस्तै, आगन्तुक शब्दको पद-प्रतिष्ठावाचक अन्त्यमा 'साहेब' को प्रयोग भेटिन्छ, जस्तै : डाक्टरसाहेब, वकिलसाहेब, ज्वाइसाहेब आदि ।

यसप्रकार आफूभन्दा ठूला महाजन, पद-प्रतिष्ठाका दृष्टिले उच्च व्यक्ति विशेषमा उच्च आदरार्थीको प्रयोग रहेको पाइन्छ ।

प्रस्तुत नेपाली उच्च आदरार्थीलाई बाहिङ भाषामा यस प्रकारले हेर्न सकिन्छ, जस्तै :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
गनी खीम् रानी ।	आम्द खीम् रामे ।
गनी जाचो जान्तानी ।	आम्द जाचो जाम्तामे ।

उल्लिखित बाहिङ भाषाका वाक्यहरूमा नेपाली भाषा अनुरुपकै आदर प्रयोग भएको पाइन्छ । यहाँ, 'गनी' (तपाईं/तपाईंहरू) र 'आम्द' (उहाँ/उहाँहरू) उच्च आदरार्थी शब्द हुन् ।

नेपालीमा बहुवचन बनाउनका लागि 'हरू' थप्नुपर्छ तर बाहिङका आदरार्थी शब्दहरू 'गनी, आम्द' स्वतः दुवैवचनका लागि प्रयोग पाईन्छ भने बहुवचनका लागि 'द' प्रयोग देखिन्छ । त्यसकारण एकवचन उच्च आदरार्थी क्रियापद बहुवचनमा पनि त्यही रुप लागू हुने देखिन्छ भने उच्च आदरार्थी जनाउन बाहिङमा नेपालीको जस्तो संयुक्त क्रिया प्रयोग पाइँदैन । यसमा एउटै क्रिया देखिन्छ, जस्तै : गनी जाचो जा+तानी -खानुभयो) ।

यहाँ, 'जा' (खा) धातुमा '-तानी'–नुभयो) रुपहरूको प्रत्यय मेल भएर उच्च आदरार्थी क्रियापद बनेको पाइन्छ । यस्तै बाहिङमा लिङ्ग भेदक व्यवस्थाको उच्च आदरार्थी पाइँदैन भने 'जी/ज्यू', 'साहेब' आदि जस्ता आदरबोधक शब्दहरूको प्रयोग भएको पनि पाइँदैन ।

४.१.४ विशेष आदर

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
आफू कहिले आउनुहुन्छ ?	आफू घरै हुनुहुन्छ ।

यहाँ, स्रोता सन्दर्भमा आउने 'आफू' प्रश्नात्मक वाक्यमा आएको देखिन्छ । त्यसकारण अन्य सन्दर्भमा प्रयोग हुने 'आफू' भन्दा स्रोता सन्दर्भमा प्रयोग हुने 'आफू' आदरमा विशेष आत्मीयता वा सम्मान व्यक्त हुनसक्ने पाइन्छ ।

'यहाँ' शब्द 'तपाईं' आदरार्थी गरेको पाइन्छ भने अन्य सन्दर्भमा उच्च आदर (तपाईं) कै रुपमा प्रयोग गरिएको देखिन्छ, जस्तै :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
यहाँ कहिले आउनुभयो ?	उहाँ हिजो जानुभयो ?

स्रोता सन्दर्भ 'यहाँ' निकट रुपमा प्रयोग भएको पाइन्छ भने 'उहाँ' दूर तथा कम आदरको भाव प्रकट भएर आएको पाइन्छ । प्रस्तुत विशेष आदरलाई बाहिङमा यसप्रकार गर्न सकिन्छ, जस्तै :

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
दःब गे़ना पिनी ?	दःब खीम्दीङ् बःनी ?

यहाँ, 'दःब' (आफू) नेपाली भाषा अनुरुप नै प्रयोग भएर आएको देखिन्छ । स्रोतासन्दर्भमा आउने 'दःब' प्रश्नात्मक वाक्यकै रुपमा आउने भएकाले अन्यसन्दर्भभन्दा यसै स्रोतासन्दर्भको 'दःब' मा विशेष आत्मीय आदर देख्न सकिन्छ ।

'यहाँ' शब्द बाहिङमा स्रोतासन्दर्भमा 'गनी' (तपाईं) उच्च आदर र अन्यसन्दर्भमा 'आम्द' (उहाँ), आदरार्थीका रुपमा आएको पाइन्छः

स्रोता सन्दर्भ	**अन्य सन्दर्भ**
गनी गे़ना पिन्तानी ?	आम्द गे़ना लाम्तामे ?

यहाँ, नेपालीको 'यहाँ' शब्द 'तपाईं' आदरार्थी भावभन्दा विशेष मानिएर आदर भाव प्रकट गरिएजस्तै बाहिङमा 'गनी' (तपाईं) अन्यसन्दर्भ 'आम्द' (उहाँ) भन्दा विशेष आदर भावका रुपमा आएको पाइन्छ। किनभने 'गनी' स्रोतासन्दर्भ निकटवर्ती रुपले प्रकट हुन्छ।

बाहिङमा उच्चतर आदर हजुर र उच्चतम आदर मौसुफ/सरकारको प्रयोग पाइँदैन।

४.२ काल

क्रिया पदमा लाग्ने विभिन्न प्रत्ययहरूले नेपाली भाषामा आदरको भूमिका देखाए जस्तै बाहिङ भाषामा पनि कालमा आदरको भूमिका देखिन्छ :

४.२.१ भूत काल

नेपाली तथा बाहिङमा प्रयोग भएको भूतकालिक प्रत्यय नेपाली तथा बाहिङ भाषामा भूतकालमा निम्नअनुसारका प्रत्ययहरू प्रयोग भएको पाइन्छन्, जस्तै :

तालिका नं. ३
नेपाली तथा बाहिङमा प्रयोग भएको भूत काल

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	-एँ	-तङ्	सामान्य आदर
प्रथम	बहुवचन	-	-यौं	-ताको	सामान्य आदर
द्वितीय	एकवचन	-	-इस्	-ती	निम्न आदर
द्वितीय	एकवचन	-	-यौ	-	मध्यम आदर
द्वितीय	बहुवचन	-	-यौ	-तानी	मध्यम आदर
द्वितीय	दुवैवचन	-	-नुभयो	-तानी	उच्च आदर
द्वितीय	दुवैवचन	-	-बकस+नु+भयो	-	अति उच्च आदर
तृतीय	एकवचन	पुलिङ्ग	-यो	-ता	निम्न आदर
तृतीय	एकवचन	स्त्रीलिङ्ग	-ई	-	निम्न आदर
तृतीय	एकवचन	-	-ए	-	मध्यम आदर
तृतीय	बहुवचन	-	-ए	-तामे	मध्यम आदर
तृतीय	दुवैवचन	-	-नु+भयो	-तामे	उच्च आदर
-	द्विवचन	-	-	-तासे	निम्न आदर

(स्रोत : बाहिङ भाषाको प्रत्ययका लागि वक्ता मेखराज बाहिङ (धिरेन), ओखल्ढुङ्गा)

४.२.२ अभूत काल

अभूतकालको उपकालको रुपमा नेपाली तथा बाहिङमा प्रत्ययका आधारमा वर्तमान र भविष्यत् गरी दुई प्रकारको पाइन्छ :

क) वर्तमाल काल

तालिका नं. ४
नेपाली तथा बाहिङमा प्रयोग भएको अभूतकालिक(वर्तमान) प्रत्यय

पुरुष	वचन	लिङ्ग	नेपाली स.क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	-छु	-ङा	सामान्य आदर
प्रथम	बहुवचन	-	-छौं	-का	सामान्य आदर
द्वितीय	एकवचन	-	-छस्	-ई	निम्न आधार
द्वितीय	एकवचन	-	-छौ	—	मध्यम आदर
द्वितीय	बहुवचन	-	-छौ	-नी	मध्यम आदर
द्वितीय	दुवैवचन	-	-नु+हुन्छ	-नी	उच्च आदर
द्वितीय	दुवैवचन	-	-बकस+इ+नु+हुन्छ	—	अति उच्च आदर
तृतीय	एकवचन	पुलिङ्ग	-छ	-वा	निम्न आदर
तृतीय	एकवचन	स्त्रीलिङ्ग	-छे	—	निम्न आदर
तृतीय	एकवचन	-	-छन्	—	मध्यम आदर
तृतीय	बहुवचन	-	-छन्	-मे	मध्यम आदर
तृतीय	दुवैवचन	-	-नु+हुन्छ	-मे	उच्च आदर
	द्विवचन	-	—	-सी	निम्न आदर

(स्रोत : बाहिङ भाषाको प्रत्ययका लागि वक्ता मेखराज बाहिङ (धिरेन),ओखल्दुङ्गा)

ख) भविष्यत्

तालिका नं. ५

नेपाली तथा बाहिङमा प्रयोग भएको अभूतकालिक (भविष्यत्) प्रत्यय

पुरुष	वचन	लिङ्ग	नेपाली स.क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	-ने+छु	-ङाम् दुम्	सामान्य आदर
प्रथम	बहुवचन	-	-ने+छौं	-काम् दुम्	सामान्य आदर
द्वितीय	एकवचन	-	-ने+छस्	-ईम् दुम्	निम्न आधार
द्वितीय	एकवचन	-	-ने+छौ	—	मध्यम आदर
द्वितीय	बहुवचन	-	-ने+छौ	-निम् दुम्	मध्यम आदर
द्वितीय	दुवैवचन	-	-नु+हु+ने+छ	-निम् दुम्	उच्च आदर
द्वितीय	दुवैवचन	-	-बकस+इ+नु+हु+ ने+छ	—	अतिउच्च आदर
तृतीय	एकवचन	पुलिङ्ग	-ने+छ	-वाम् दुम्	निम्न आदर
तृतीय	एकवचन	स्त्रीलिङ्ग	-ने+छे	—	निम्न आदर
तृतीय	एकवचन	-	-ने+छन्	—	मध्यम आदर
तृतीय	बहुवचन	-	-ने+छन्	-मेम् दुम्	मध्यम आदर
तृतीय	दुवैवचन	-	-नु+हु+ने+छ	-मेम् दुम्	उच्च आदर
	द्विवचन	-	—	-सेम् दुम्	निम्न आदर

(स्रोत : बाहिङ भाषाको प्रत्ययका लागि वक्ता मेखराज बाहिङ (धिरेन),ओखल्दुङ्गा)

४.३ पक्ष

क्रिया पदमा लाग्ने विभिन्न प्रत्ययहरूले नेपाली भाषामा आदरको भूमिका देखाए जस्तै बाहिङ भाषामा पनि पक्षमा आदरको भूमिका निम्नानुसार देखिन्छ :

४.३.१ सामान्य पक्ष

तालिका नं. ६

नेपाली तथा बाहिङमा प्रयोग भएको सामान्य पक्ष

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+एँ = खाएँ	जाः+तङ् = जाःतङ्	सामान्य आदर
प्रथम	बहुवचन	-	खा+यौं = खायौं	जाक्+ताको = जाक्ताको	सामान्य आदर
द्वितीय	एकवचन	-	खा+इस् = खाइस्	जाप्+ती = जाप्ती	निम्न आदर
द्वितीय	एकवचन	-	खा+यौ = खायौ	-	मध्यम आदर
द्वितीय	बहुवचन	-	खा+यौ = खायौ	जान्+तानी = जान्तानी	मध्यम आदर
द्वितीय	दुवैवचन	-	खा+नुभयो = खानुभयो	जान्+तानी = जान्तानी	उच्च आदर
द्वितीय	दुवैवचन	-	खाइ+बक्सिनुभयो= खाइबक्सिनुभयो	-	अति उच्च आदर
तृतीय	एकवचन	पुलिङ्ग	खा+यो = खायो	जाप् +ता = जाप्ता	निम्न आदर
तृतीय	एकवचन	स्त्रीलिङ्ग	खा+ई = खाई	-	निम्न आदर
तृतीय	एकवचन	-	खा+ए = खाए	-	मध्यम आदर
तृतीय	बहुवचन	-	खा+ए = खाए	जाम्+तामे = जाम्तामे	मध्यम आदर
तृतीय	दुवैवचन	-	खा+नुभयो = खानुभयो	जाम्+तामे = जाम्तामे	उच्च आदर
	द्विवचन	-	-	जा+तासे=जातासे	निम्न आदर

(स्रोत : बाहिङ भाषाको प्रत्ययका लागि वक्ता मेखराज बाहिङ (धिरेन),ओखल्दुङ्गा)

सामान्य भूत पक्ष जनाउनका लागि क्रियापदका धातुमा '-एँ', '-यौं', '-इस्', 'त्यौ', '-ई', '-इन्', '-नुभयो', '-बक्सिनुभयो' आदि रुपहरू जोडिएको पाइन्छ । यहाँ '-इस्', '-यो', '-ई' (स्त्रीलिङ्ग) निम्न आदरका लागि प्रयोग भएका प्रत्यय रुपहरू हुन् भने '-यौ', '-ए', '-इन्' (स्त्रिलिङ) मध्यम आदर र '-नुभयो' उच्च आदरका लागि प्रयोग भएका प्रत्ययहरू हुन् । यसैगरी '-बक्सिनुभयो' चाहिँ अति उच्च आदरमा जोडिएको प्रत्यय देखिन्छ ।

बाहिङमा सामान्य भुत पक्ष जनाउनका लागि क्रियापदका धातुमा '-तङ्', '-ताको', '-ती', '-तानी', '-ता', '-तामे', '-तासे', आदि रुपहरू जोडिएर आएको पाइन्छ । यस भाषामा '-ती', '-ता', '-तासे' निम्न आदरका लागि प्रयोग भएको रुपहरू देखिन्छन् भने '-तानी', '-तामे'

बहुवचन मध्यम आदरका लागि प्रयोग भएका प्रत्ययहरू हुन् । यसै गरी '-तानी', '-तामे' चाहिँ दुवैवचन उच्च आदरमा प्रयोग भएको प्रत्ययहरू हुन् । बाहिङ भाषामा नेपालीको '-बक्सिनुभयो', अति उच्च आदरको प्रयोग पाइँदैन भने लिङ्ग व्यवस्था '-ई', '-इन्' जस्ता प्रत्यय आदरहरूको भेद पनि देखिँदैन । यस भाषामा द्विवचन निम्न आदरको लागु भएको पाइन्छ भने नेपालीमा यसको प्रयोग देखिँदैन ।

पुनश्चः भूत तथा अभूत कालको प्रत्ययहरू नै सामान्य पक्षमा समेत नेपाली तथा बाहिङ भाषामा प्रयोग हुनेहुँदा तालिका नं. ३, ४ र ५ मा देखाइएको अनुसार सामान्य पक्षमा गणना गरिएको छ ।

४.३.२ अपूर्ण पक्ष

तालिका नं. ७

नेपाली तथा बाहिङमा प्रयोग भएको अपूर्ण पक्ष

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+दै थिएँ=खाँदै थिएँ	जा+सोङ् बक्ती = जासोङ् बक्ती	सामान्य आदर

नेपालीमा अपूर्ण भूत पक्ष जनाउनका लागि धातुमा '-दै थिएँ', '-दै थियौं', '-दै थिइस्', '-दै थियौ', '-दै हुनुहुन्थ्यो', '-दै बक्सिन्थ्यो' आदि रुपहरू जोडिएर आएको पाइन्छ । यहाँ, 'दै थिइस्', '-दै थियो', '-दै थिई', (स्त्रिलिङ्ग) प्रत्ययहरू निम्न आदरका रुपमा प्रयोग भएको पाइन्छ भने '-दै थियौ', '-दै थिएँ', '-दै थिइन्' (स्त्रिलिङ्ग) प्रत्ययहरू मध्यम आदरका रुपमा प्रयोग भएको देखिन्छ । यसै गरी '-दै हुनुहुन्थ्यो' उच्च आदरका रुपमा र '-दै बक्सिन्थ्यो' अति उच्च आदरका रुपमा प्रयोग भएको पाइन्छ ।

बाहिङमा अपूर्ण भूत पक्ष जनाउनका लागि धातुमा '-सोङ् बक्ती', '-सोङ् बक्ताको', '-सोङ् बक्ते', '-सोङ् बक्तानी', '-सोङ् बक्तामे', '-सोङ् बक्तासे', आदि रुपहरू जोडिएर आएको पाइन्छ । यहाँ, '-सोङ् बक्ती', '-सोङ् बक्तासे' निम्न आदर प्रत्ययका रुपमा प्रयोग भएको पाइन्छ भने '-सोङ् बक्तानी', '-सोङ् बक्तामे' बहुवचन मध्यम आदर तथा '-सोङ् बक्तानी', '-सोङ् बक्तामे' दुवैवचन उच्च आदरको लागि प्रयोग भएको देखिन्छ । बाहिङ भाषामा नेपालीको '-दै बक्सिन्थ्यो' अति आदरको प्रयोग पाइँदैन भने लिङ्ग व्यवस्था '-दै थिई', '-दै थिइन्' जस्ता आदर रुपहरू पनि पाइँदैन । यस भाषामा द्विवचन '-सोङ् बक्तासे' निम्न आदरको प्रयोग देखिन्छ भने नेपालीमा यसको प्रयोग देखिँदैन ।

४.३.३ पूर्ण पक्ष

तालिका नं. ८

नेपाली तथा बाहिङमा प्रयोग भएको पूर्ण पक्ष

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+एको थिएँ = खाएको थिएँ	जाः+तङ्मे बक्ता = जाःतङ्मे बक्ता	सामान्य आदर

नेपाली पूर्ण भूत पक्ष जनाउनका लागि धातुमा '-एको थिएँ', '-एका थियौं', '-एको थिइस्', '-एका थियौ', '-एका थिए', '-एकी थिई', '-नुभएको थियो', '-बक्सिनुभएको थियो' आदि प्रत्ययहरु जोडिएर आएको देखिन्छ । यहाँ '-एको थियो', '-एको थिइस्', '-एकी थिई' (स्त्रिलिङ्ग) निम्न आदरको रुपमा आएका छन् भने '-एका थियौ', '-एका थिए', '-एकी थिईन्' (स्त्रीलिङ्ग) मध्यम आदरको रुपमा आएको पाइन्छ । यसै गरी '-नुभएको थियो' उच्च आदर र '-बक्सिनुभएको थियो' अति उच्च आदरका रुपमा आएको देखिन्छ ।

बाहिङमा पूर्ण भूत पक्ष जनाउनका लागि धातुमा '-तङ्मे बक्ता', '-ताकोम् बक्ता', '-तिम् बक्ता', '-तानिम् बक्ता', '-ताम् बक्ता', '-तामेम् बक्ता', '-तासेम् बक्ता' आदि रुप जोडिएर आएको पाइन्छ । यहाँ, '-तिम् बक्ता', '-ताम् बक्ता', '-तासेम् बक्ता' निम्न आदरका रुपमा आएका छन् भने '-तानिम् बक्ता', '-तामेम् बक्ता' बहुवचन मध्यम आदर र '-तामिन् बक्ता', '-तामेम् बक्ता' उच्च आदर दुवै वचनमा प्रयोग भएको देखिन्छ । बाहिङमा नेपालीको '-बक्सिनुभएको थियो' अति उच्च आदर पाइँदैन भने लिङ्ग व्यवस्था '-एकी थिई', '-एकी थिइन्' जस्ता आदर रुप पनि पाइँदैन । द्विवचन '-तासेम् बक्ता' निम्न आदरको प्रयोग बाहिङमा पाइन्छ भने नेपाली द्विवचन देखिँदैन ।

४.३.४ अज्ञात पक्ष

तालिका नं. ९

नेपाली तथा बाहिङमा प्रयोग भएको अज्ञात पक्ष

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+एछु = खाएछु	जाः+तङ्सा = जाःतङ्सा	सामान्य आदर

नेपालीमा अज्ञात भूत पक्ष जनाउनका लागि धातुमा '-एछु', '-एछौं', '-एछस्', '-एछौ', '-एछ्यौ', '-नुभएछ', '-एछ', '-इछ', '-एछन्', '-बक्सिनुभएछ' आदि प्रत्ययहरू जोडिएर आएको

पाइन्छ । यहाँ, '-एछस्', '-एछ', '-इछ' (स्त्रीलिङ्ग) निम्न आदरका रुपमा प्रयोग भएको पाइन्छ भने '-एछौ', '-एछ्यौ' (स्त्रीलिङ्ग) '-एछन्', '-इछन्' (स्त्रीलिङ्ग) मध्यम आदरका रुपमा आएको देखिन्छ । यसैगरी '-नुभएछ' उच्च आदर र '-बक्सिनु भएछ' अति उच्च आदरका रुपमा प्रयोग भएको पाइन्छ ।

बाहिङमा अज्ञात भूत पक्ष जनाउनका लागि धातुमा '-तङ्सा', '-ताकोसा', '-तीसा', '-तानीसा', '-तासा', '-तामेसा', '-तासेसा' आदि प्रत्ययहरू जोडिएर आएको देखिन्छ । यहाँ, '-तीसा', '-तासा' निम्न आदरका रुपमा प्रयोग भएको पाइन्छ भने '-तानीसा', '-तामेसा' बहुवचन मध्यम आदरका रुपमा प्रयोग भएको पाइन्छ । यसै गरी '-तानीसा', '-तामेसा' दुवै वचन उच्च आदरको रुपमा प्रयोग भएको देखिन्छ । बाहिङमा नेपालीको '-बक्सिनु भएछ' अति उच्च आदरको रुपमा प्रयोग पाइँदैन भने '-छेस्', '-इछ्यौ', '-इछ', '-इछन्' जस्ता लिङ्ग व्यवस्था आदरको प्रयोग देखिँदैन । द्विवचन '-तासेसा' निम्न आदरको प्रयोग यस भाषामा पाइन्छ भने यसको प्रयोग नेपालीमा पाइँदैन ।

४.३.५ अभ्यस्त पक्ष

तालिका नं. १०

नेपाली तथा बाहिङमा प्रयोग भएको अभ्यस्त पक्ष

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+थेँ = खान्थेँ	जा+आ बक्ती = जाआ बक्ती	सामान्य आदर

नेपालीमा अभ्यस्त भूत पक्ष जनाउनका लागि धातुमा '-थेँ', '-थ्यौँ', '-थिस्', '-थ्यौ', '-नुहुन्थ्यो', '-थ्यो', '-थी', '-थिन्', '-बक्सिन्थ्यो' आदि प्रत्ययहरू जोडिएर आएको पाइन्छ । यहाँ '-थिस्', '-थ्यो', '-थी' (स्त्रीलिङ्ग) निम्न आदरका रुपमा प्रयोग भएको देखिन्छ भने '-थ्यौ', '-थिन्' (स्त्रीलिङ्ग) मध्यम आदरका रुपमा प्रयोग भएको देखिन्छ । यसै गरी '-नुहुन्थ्यो' उच्च आदर र '--बक्सिन्थ्यो' अति उच्च आदरका रुपमा प्रयोग भएको पाइन्छ ।

बाहिङमा अभ्यस्त भूत पक्ष जनाउनका लागि धातुमा '-आ बक्ती', '-आ बक्ताको', '-आ बक्ते', '-आ बक्तानी', '-आ बक्ता', '-आ बक्तामे', '-आ बक्तासे' आदि प्रत्ययहरू जोडिएर आएको पाइन्छ । यहाँ, '-आ बक्ते', '-आ बक्ता' निम्न आदरको रुपमा प्रयोग भएको पाइन्छ भने '-आ बक्तानी', '-आ बक्तामे' बहुवचन मध्यम आदरका रुपमा प्रयोग भएको देखिन्छ । यसै गरी '-आ बक्तानी', '-आ बक्तामे' दुवैवचन उच्च आदरका रुपमा प्रयोग भएको पाइन्छ ।

बाहिङमा नेपालीको '-बक्सिन्थ्यो' अति उच्च आदरको प्रयोग पाइँदैन भने '-यी', '-थिन्' स्त्रीलिङ्ग भेद आदरको पनि प्रयोग देखिँदैन । द्विवचन '-आ बक्तासे' निम्न आदरको प्रयोग यस भाषामा पाइन्छ भने नेपालीमा यसको प्रयोग पाइँदैन ।

४.४ भाव

क्रिया पदमा लाग्ने विभिन्न प्रत्ययहरूले नेपाली भाषामा आदरको भूमिका देखाए जस्तै बाहिङ भाषामा पनि भावमा आदरको भूमिका निम्नानुसार देखिन्छ :

४.४.१ सामान्यार्थ भाव

तालिका नं. ११

नेपाली तथा बाहिङमा प्रयोग भएको अभ्यस्त भाव

प'रुष	वचन	लिङ्ग	नेपाली क्रिया		बाहिङ क्रिया		आदर
प्रथम	एकवचन	-	करण खा+छु = खान्छु	अकरण खा+दिनँ = खादिनँ	करण जा+ङा = जाङा	अकरण मा+जाङा =माजाङा	सामान्य

नेपालीमा सामान्यार्थ भाव जनाउनका लागि क्रियाको धातुमा '-छु', '-दिनँ', '-एनौं', '-इनस्', '-उ', '-एनौ', '-छ', '-छन्', '-एन', '-एनन्', '-नुहुन्छ', '-नुभएन', '-बक्सिनुभयो', '-बक्सिनुभएनछ' आदि जस्ता सकारात्मक र नकारात्मक प्रत्ययहरू जोडिएर करण तथा अकरण भएर आएको पाइन्छ । यहाँ '-इनस्', '-छ', '-एन' जस्ता रुपहरू निम्न आदर तथा '-उ', '-एनौं', '-एनन्' आदि रुपहरू मध्यम आदरका रुपमा प्रयोग भएको पाइन्छ । यसैगरी '-नुहुन्छ', '-नुभएन' उच्च आदर र '-बक्सिनुभयो', '-बक्सिनुभएनछ' अति उच्च आदरका रुपमा आएको पाइन्छ ।

बाहिङमा सामान्यार्थ भाव जनाउनका लागि क्रियाको धातुमा '-ङा', '-या', 'उ', '-ने', '-वा', '-मे', '-से' आदि जस्ता सकारात्मक प्रत्ययहरू आएको पाइन्छ भने नेपालीमा प्रयोग हुने अकरण 'न-' (कृदन्तीकरण असमापिका) र '-न' (समापिका)मा 'मा-' रहेको देखिन्छ, जस्तैः नखाएर = माजासो, खाएन = माजाउवा आदि ।

त्यसकारण 'मा-' बाहिङ भाषामा अकरण अथवा नकारात्मक रुपमा रहेको पाइन्छ । प्रस्तुत प्रत्ययहरूमा '-उ', '-वा' निम्न आदर तथा '-ने', '-मे' बहुवचन मध्यम आदरका रुपमा

प्रयोग हुने प्रत्ययका रुपमा पाइन्छ । यसैगरी '-ने', '-मे' दुवैवचन उच्चआदर र '-से' द्विवचन निम्नआदरका रुपहरू रहेको पाइन्छ ।

४.४.२ आज्ञार्थ भाव

तालिका नं. १२

नेपाली तथा बाहिङमा प्रयोग भएको आज्ञार्थ भाव

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
द्वितीय	एकवचन	-	ख्+आ = खा	जा+वो = जावो	निम्न आदर

प्रथम र तृतीय पुरुषमा आज्ञार्थ भाव पाइँदैन । नेपालीमा आज्ञार्थ भाव जनाउनका लागि धातुमा '-अ', '-आ', '-ई', '-ऊ', '-नुहोस्', '-बक्सिनुहोस्' आदि प्रत्ययहरू जोडिएर आएको पाइन्छ । यहाँ, '-आ', '-अ', '-ई' निम्न आदर तथा '-ऊ' मध्यम आदरका रुपमा आएको पाइन्छ । यसैगरी '-नुहोस्' उच्च आदरको रुपमा र '-बक्सिनुहोस्' अति उच्च आदरका रुपम आएको देखिन्छ ।

बाहिङमा पनि द्वितीय पुरुष मात्रै आज्ञार्थ भाव लागू भएको पाइन्छ । यसमा आज्ञार्थ भाव जनाउनका लागि धातुमा '-वो', '-ने' र '-से' जस्ता प्रत्ययहरू जोडिएर आएको देखिन्छ । यहाँ, '-वो' निम्न आदर तथा '-ने' बहुवचन मध्यम आदर र उच्च आदरमा प्रयोग भएको पाइन्छ । यसै गरी '-से' द्विवचन निम्न आदरका रुपमा रहेको पाइन्छ । नेपालीमा द्विवचनको प्रयोग पाइँदैन ।

४.४.३ इच्छार्थ भाव

तालिका नं. १३

नेपाली तथा बाहिङमा प्रयोग भएको इच्छार्थ भाव

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+ऊँ = खाऊँ	जा+ङाहेई = जाङाहेई	निम्न

नेपालीमा इच्छार्थ भाव जनाउनका लागि धातुमा '-ऊँ' '-औं', '-एस्', '-ए', '-ओस्', '-ऊन्', '-नुहोस्', '-बक्सिनुहोस्' आदि प्रत्ययहरू जोडिएर आएको देखिन्छ । यहाँ, '-एस्', '-ओस्', निम्न आदरका रुपमा तथा '-ए', '-ऊन्' मध्यम आदरका रुपमा आएको पाइन्छ । यसै

गरी '-नुहोस्' उच्च आदरका रुपमा आएको देखिन्छ भने '-बक्सिनुहोस्' अति उच्च आदरका रुपमा रहेको पाइन्छ ।

बाहिङमा इच्छार्थ भाव रचनामा क्रियाको धातुमा '-ङाहेई', -याहेई', -उहेई,' '-नेहेई', '-वालाहेई', '-मेलाहेई' जस्ता प्रत्ययहरू जोडिएर आएको पाइन्छ । यहाँ, '-वोहेई', '-वालाहेई', निम्न आदरभावका रुपमा आएको पाइन्छ भने '-नेहेई', '-मेलाहेई' उच्च आदरका रुपमा रहेको देखिन्छ । बाहिङमा नेपालीको मध्यम आदर इच्छार्थ भावको प्रयोग पाइँदैन भने '-सेलाहेई' द्विवचन निम्न आदर रहेको पाइन्छ ।

४.४.४ सम्भावनार्थ भाव

तालिका नं. १४

नेपाली तथा बाहिङमा प्रयोग भएको सम्भावनार्थ भाव

प'रुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+उँला = खाउँला	जा + ङाला = जाङाला	सामान्य आदर

नेपाली सम्भावनार्थ भाव जनाउनका लागि धात'मा '-उँला/उँली', '-औंला', '-लास्/लिस्', '-औंला/औली', '-नुहोला', '-ला/ली' '-बक्सिएला' आदि प्रत्ययहरू जोडिएर आएको पाइन्छ । यहाँ, '-लास्/लिस्', '-ला/ली' निम्न आदरको रुपमा आएको देखिन्छ भने '-औला/औली', '-लान्/लिन्' मध्यम आदरका रुपमा आएको पाइन्छ । यसैगरी '-नुहोला' उच्च आदर तथा '-बक्सिएला' अति उच्च आदर प्रत्ययका रुपमा आएको देखिन्छ ।

बाहिङमा सम्भावनार्थ क्रियापद धातुमा '-ङाला', '-याला', '-इला', '-निला', '-वाला', '-सेला' जस्ता प्रत्ययहरू जोडिएर बनेको पाइन्छ । यहाँ, '-ङाला', '-इला', '-वाला' निम्न आदर प्रत्ययको रुपमा आएको पाइन्छ भने '-नीला' '-मेला'बहुवचन मध्यम आदरमा प्रयोग भएको पाइन्छ । यसैगरी '-निला', '-मेला', उच्च आदरका रुपमा आएको देखिन्छ । बाहिङमा '-बक्सिएला' अति उच्च आदर भावको प्रयोग पाइँदैन ।

४.४.५ सङ्केतार्थ भाव

तालिका नं. १५

नेपाली तथा बाहिङमा प्रयोग भएको सङ्केतार्थ भाव

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+एँ हुन्थ्यो = खाएँ हुन्थ्यो	जा+ङाखेदा नुःवा = जाङाखेदा नुःवा	सामान्य आदर

नेपालीमा सिङ्केतार्थ भाव जनाउनका लागि धातुमा '-एँ हुन्थ्यो', '-ए हुन्थ्यौं', '-ने भए खा', '-ए हुन्थ्यौ', '-नुभए हुन्छ', '-ए हुन्थ्यो', '-बक्सिएहुन्छ' आदि जस्ता प्रत्ययहरू जोडिएर आएको पाइन्छ । यहाँ, '-ने भए खा' निम्न आदरका रुपमा तथा '-ए हुन्थ्यौ', मध्यम आदरका रुपमा आएको पाइन्छ । यसैगरी '-नुभए हुन्छ' उच्च आदरका रुपमा तथा '-बक्सिए हुन्छ' अति उच्च आदरका रुपमा आएको सङ्केतार्थ भाव प्रत्ययहरू देखिन्छ ।

बाहिङमा सङ्केतार्थ भाव जनाउनका लागि धातुमा '-ङाखेदा नुःवा', '-यावाखेदा नुःवा', '-इवाखेदा नुःवा', '-निवाखेदा नुःवा', '-वाखेदा नुःवा' '-सेवा खेदा नुःवा' आदि प्रत्ययहरू जोडिएर आएको पाइन्छ । यहाँ, '-इवाखेदा नुःवा', '-वाखेदा नुःवा' निम्न आदर तथा '-निवाखेदा नुःवा', '-मेवाखेदा नुःवा' बहुवचन मध्यमआदरका रुपमा प्रयोग भएको पाइन्छ । यसै गरी '-निवाखेदा नुःवा', '-मेवाखेदा नुःवा','-सेवाखेदा नुःवा' उच्च आदरका रुपमा प्रयुक्त सङ्केतार्थ भावका धातु प्रत्ययहरू देखिन्छन् ।

४.५ कोटिकारमा आदर व्यवस्था

नेपाली भाषामा जस्तै बाहिङ भाषामा पनि कोटिकारको प्रयोग भएको पाइन्छ । यस भाषामा नेपाली कै कोटिकारको विशेषताको आधारमा बाहिङमा पनि कोटिकारको आदर खुट्याउने कार्य निम्नअनुसार गरिएको छ, जस्तै :

४.५.१ 'जना' कोटिकार

'जना' कोटिकारका लागि नेपाली र बाहिङ भाषामा निम्न, मध्यम, उच्च, अतिउच्च आदरमा कोटिकारको प्रयोग निम्नअनुसार भएको पाइन्छ, जस्तै :

तालिका नं. १६

नेपाली तथा बाहिङमा प्रयोग भएको 'जना' कोटिकार

आदर	नेपाली	बाहिङ
निम्न	एकजना साथी आयो ।	कङ् वार्‌चा पिता ।
मध्यम	चार जना साथी आए ।	ले वार्‌चा पिम्तामे ।
उच्च	एकजना बुबा आउनुभयो ।	कङ् पापा पिम्तामे ।
अतिउच्च	एकजना राजा आइबक्सियो ।	——————— ।

नेपाली भाषामा 'जना' कोटिकारका लागि निम्न, मध्यम, उच्च तथा अतिउच्च आदरको प्रयोग भएको पाइन्छ भने बाहिङ भाषामा निम्न मध्यम (बहुवचन) र उच्च आदरमा मात्र प्रयोग भएको पाइन्छ ।

४.५.२ 'वटा' कोटिकार

'वटा' कोटिकारका लागि नेपाली र बाहिङ भाषामा निम्न, मध्यम, उच्च, अतिउच्च आदरमा कोटिकारको प्रयोग निम्नअन'सार भएको पाइन्छ, जस्तै :

तालिका नं. १७

नेपाली तथा बाहिङमा प्रयोग भएको 'वटा' कोटिकार

आदर	नेपाली	बाहिङ
निम्न	एकवटा बाखा आयो ।	कङ् सङ्गारा पिता ।
मध्यम	——————— ।	ले वार्‌चा पिम्तामे ।
उच्च	——————— ।	कङ् पापा पिम्तामे ।
अतिउच्च	——————— ।	——————— ।

'वटा' कोटिकारका लागि निम्न आदरको मात्र प्रयोग भएको पाइन्छ भने बाहिङ भाषामा दुवै कोटिकार समान रुपले प्रयोग भएको देखिन्छ ।

नोटः नेपाली भाषामा मानवीय मानवेतरमा प्रयोग हुने क्रमशः 'जना' र 'वटा' कोटिकारका लागि बाहिङ भाषामा दुवै कोटिकारमा संख्यावाचक नामले कोटिकारको भुमिका निर्धारण गरिन्छ । यो बाहिङ भाषाको विशेषता हो ।

४.५.३ 'झुप्पा' कोटिकार

नेपाली भाषामा 'झुप्पा' कोटिकारका लागि बाहिङ भाषामा निम्न, मध्यम, उच्च, अतिउच्च आदरमा 'फङ्गा' कोटिकारको प्रयोग निम्नअनुसार भएको पाइन्छ भने 'झुप्पा' कोटिकारमा निम्नअनुसारको आदरको प्रयोग भएको पाइन्छ, जस्तै :

तालिका नं. १८

नेपाली तथा बाहिङमा प्रयोग भएको 'झुप्पा' कोटिकार

आदर	नेपाली	बाहिङ
निम्न	एकझुप्पा अङ्गुर टिप्यो ।	कःफङ्गा अङ्गुर स्याक्ता ।
मध्यम	एकझुप्पा अङ्गुर टिपेछन् ।	——————— ।
उच्च	एकझुप्पा अङ्गुर टिप्नुभयो ।	कःफङ्गा अङ्गुर स्याक्तामे ।
अतिउच्च	एकझुप्पा अङ्गुर टिपिबक्सियो ।	——————— ।

नेपाली भाषामा 'झुप्पा' कोटिकारका लागि निम्न, मध्यम, उच्च तथा अतिउच्च आदरको प्रयोग भएको पाइन्छ भने बाहिङ भाषामा निम्न तथा उच्च आदरका लागि 'फङ्गा' मात्र प्रयोग भएको पाइन्छ । मध्यम र अतिउच्च आदरको प्रयोग भएको भेटिदैन ।

४.५.४ 'फौज' कोटिकार

नेपाली भाषामा 'फौज' कोटिकारका लागि बाहिङ भाषामा निम्न, मध्यम, उच्च, अतिउच्च आदरमा 'फोःआ' कोटिकारको प्रयोग निम्नअनुसार भएको पाइन्छ भने 'फौज' कोटिकारमा निम्नअनुसारको आदरको प्रयोग भएको पाइन्छ, जस्तै :

तालिका नं. १९

नेपाली तथा बाहिङमा प्रयोग भएको 'फौज' कोटिकार

आदर	नेपाली	बाहिङ
निम्न	सेनाको फौज आयो ।	——————— ।
मध्यम	सेनाको फौज आए ।	सेनाके फोःआ पिम्तामे ।
उच्च	——————— ।	——————— ।
अतिउच्च	——————— ।	——————— ।

नेपाली भाषामा 'फौज' कोटिकारका लागि निम्न तथा मध्यम आदरको प्रयोग भएको पाइन्छ भने बाहिङ भाषामा बहुवचन मध्यम आदरका लागि मात्र 'फोःआ' कोटिकारको प्रयोग भएको पाइन्छ । निम्न, उच्च र अतिउच्च आदरको प्रयोग भएको भेटिदैंन । त्यसै गरी नेपालीमा पनि उच्च तथा अतिउच्च आदरको प्रयोग भएको पाइदैन ।

४.५.५ 'कोसो' कोटिकार

नेपाली भाषामा 'कोसो' कोटिकारका लागि निम्न, मध्यम, उच्च, अतिउच्च आदर प्रयोग भएको पाइन्छ । बाहिङ भाषामा 'क्वासा' कोटिकारको प्रयोग निम्नअनुसार भएको पाइन्छ भने 'कोसो' कोटिकारमा निम्नअनुसारको आदरको प्रयोग भएको पाइन्छ, जस्तै :

तालिका नं. २०

नेपाली तथा बाहिङमा प्रयोग भएको 'कोसो' कोटिकार

आदर	**नेपाली**	**बाहिङ**
निम्न	एककोसो केरा खायो ।	कःक्वासा ग्रामुची जाप्ता ।
मध्यम	एककोसो केरा खाए	————— ।
उच्च	एककोसो केरा खानुभयो ।	कःक्वासा ग्रामुची जाम्तामे ।
अतिउच्च	एककोसो केरा खाइबक्सियो ।	————— ।

नेपाली भाषामा 'कोसो' कोटिकारका लागि निम्न, मध्यम, उच्च तथा अतिउच्च आदरको प्रयोग भएको पाइन्छ भने बाहिङ भाषामा निम्न तथा उच्च आदरका लागि मात्र 'क्वासा' कोटिकारको प्रयोग भएको पाइन्छ । मध्यम र अतिउच्च आदरको प्रयोग भएको भेटिदैंन ।

४.६ पदसङ्गतिमा आदर व्यवस्था

नेपाली पदसङ्गतिमा आदर व्यवस्था नामको चार प्रकारकै आदरार्थी भेद पाइन्छ । यहाँ, नामसँग क्रिया र नामसँग विशेषक पद बीचको पदसङ्गतिका आधारमा आदरार्थीको प्रकार छुट्याइन्छ । क्रियाको भूत काल प्रत्ययका आधारमा यस किसिमले देखाउन सकिन्छ, जस्तै :

४.६.१ निम्न आदर व्यवस्था

नेपाली तथा बाहिङ भाषामा निम्नअनुसारका निम्न आदरहरूले निम्नअनुसारको संगतिको व्यवस्था गरेको देखिन्छ, जस्तैः

तालिका नं. २१

वाक्यमा निम्नआदर संगति

लिंग	**भाषा**	**वाक्यमा आदर संगति**	**विशेषण**	**नाम**	**क्रिया**
पुलिंग	नेपाली	ठूलो केटो आयो । (-ओ - ओ - ओ)	ठूल्+ओ	केट्+ओ	आउ+य्+ओ
	बाहिङ	डोलो सलचा राता । (-ओ - आ - आ)	डोल्+ओ	सलच्+आ	रा+ता
स्त्रीलिंग	नेपाली	ठूली केटी आई । (-ई - ई - ई)	ठूल्+ई	केट्+ई	आउ+ई
	बाहिङ	डोलो सलमी राता (-ओ -ई -आ)	डोल्+ओ	सलम्+ई	रा+ता

४.६.२ मध्यम आदर व्यवस्था

नेपाली तथा बाहिङ भाषामा निम्नअनुसारका मध्यम आदरहरूले निम्नअनुसारको संगतिको व्यवस्था गरेको देखिन्छ, जस्तै :

तालिका नं. २२

वाक्यमा मध्यम आदर संगति

लिंग	**भषा**	**वाक्यमा आदर संगति**	**विशेषण**	**नाम**	**क्रिया**
पुलिंग	नेपाली	ठूला छोरा आए । (-आ - आ -ए)	ठूल् + आ	केट् + आ	आउ + ए
	बाहिङ	————————।	——	——	——
स्त्रीलिंग	नेपाली	ठूली छोरी आइन् । (-ई - ई - इन्)	ठूल् + ई	छोर् + ई	आउ + इन्
	बाहिङ	————————।	——	——	——

४.६.३ उच्च आदर व्यवस्था

नेपाली तथा बाहिङ भाषामा निम्नअनुसारका उच्च आदरहरूले निम्नअनुसारको संगतिको व्यवस्था गरेको देखिन्छ, जस्तै :

तालिका नं. २३

वाक्यमा उच्चआदर संगति

लिंग	भाषा	वाक्यमा आदर संगति	विशेषण	नाम	क्रिया
पुलिंग	नेपाली	ठूला बा जानुभयो । (-आ - आ -ओ)	ठूल् + आ	बा	जा+नु+भयो
	बाहिङ	पापा जेठा पिम्तामे । (-आ -आ -ए)	पाप्+आ	जेठ्+आ	पिम्+ताम्+ए
स्त्रीलिंग	नेपाली	ठूली आमा जानुभयो । (-ई -ई -ओ)	ठूल्+ई	छोरी+ई	जा+नु+भयो
	बाहिङ	मामा जेठी पिम्तामे । (-आ -ई -ए)	माम्+आ,	जेठ्+ई,	पिम्+ताम्+ए

४.६.४ अतिउच्च आदर व्यवस्था

नेपाली तथा बाहिङ भाषामा निम्नअनुसारका अतिउच्च आदरहरूले निम्नअनुसारको संगतिको व्यवस्था गरेको देखिन्छ, जस्तै :

तालिका नं. २४
वाक्यमा अतिउच्च आदर संगति

लिंग	भाषा	वाक्यमा आदर संगति	विशेषण	नाम	क्रिया
पुलिंग	नेपाली	ठूला राजा आइबक्सनु भयो । (-ओ -आ -ओ)	ठूल्+आ	राजा	आउ+बक्स +नु+भयो
	बाहिङ	————————।	——	——	——
स्त्रीलिंग	नेपाली	ठूली रानी आइबक्सनु भयो । (-ई -ई -ओ)	ठूल् + ई	रानी	आउ+बक्स +नु+भयो
	बाहिङ	————————।	——	——	——

यहाँ नेपालीको निम्न आदर पुलिङ्ग '-ओ -ओ -ओ' प्रत्यय रुपमा बाहिङ निम्न आदर पुलिङ्गमा '-ओ -आ -आ' रुपमा आएको पाइन्छ भने निम्न आदर स्त्रीलिङ्ग '-ई -ई -ई' प्रत्यय रुपमा '-ओ -ई -आ' का रुपमा आएको देखिन्छ। यसै गरी नेपालीको उच्च आदरमा विशेषण, नाम, क्रिया पदहरू पुलिङ्गमा क्रमशः '-आ -आ -ओ' र स्त्रीलिङ्गमा '-ई -ई -ओ' भएर समान रुपले आएको देखिन्छ भने बाहिङको उच्च आदरमा नाम, विशेषण, क्रियाका रुपमा पुलिङ्ग '-आ -आ -ए' र स्त्रीलिङ्ग '-आ -ई -ए' भएर आएको पाइन्छ । यसैगरी नेपालीमा मध्यम आदर पुलिङ्ग '-आ' '-आ' '-ए' र स्त्रीलिङ्ग '-ई' '-ई' '-इन' पदसङ्गति र अति उच्च आदर पुलिङ्ग '-ओ' '-आ' '-ओ' र स्त्रीलिङ्ग '-ई', '-ई', '-ओ' पदसङ्गतिहरू पाइए पनि बाहिङमा भने मध्यम आदरको प्रयोग पाइँदैन ।

प्रस्तुत पदसङ्गतिको आधारमा के भन्न सकिन्छ भने नेपालीमा लिङ्गअनुसार विशेषण, नाम, क्रियाको रुपान्तरण हुन्छ तर बाहिङमा नाम पदले विशेष गरी लिङ्ग भेद जनाएको देखिए पनि क्रियामा परिवर्तन पाइँदैन ।

४.७ आदरमा लिङ्ग, वचन र पुरुष व्यवस्था

तालिका नं. २५

नेपाली तथा बाहिङ भाषामा लिङ्गको वचन र पुरुषको तुलनात्मक विवरण

पुरुष	वचन	लिङ्ग	नेपाली क्रिया	बाहिङ क्रिया	आदर
प्रथम	एकवचन	-	खा+छु = खान्छु	जा+ङा=जाङा	सामान्य आदर
प्रथम	बहुवचन	-	खा+छौं = खान्छौं	जा+का=जाका	सामान्य आदर
द्वितीय	एकवचन	पुलिङ्ग	खा+छस् = खान्छस्	जा+ई=जाई	निम्न आदर
द्वितीय	एकवचन	स्त्रीलिङ्ग	खा+छेस् =खान्छेस्	—	निम्न आदर
द्वितीय	एकवचन	पुलिङ्ग	खा+छौ= खान्छौ	—	मध्यम आदर
द्वितीय	एकवचन	स्त्रीलिङ्ग	खा+छ्यौ =खान्छ्यौ	—	मध्यम आदर
द्वितीय	बहुवचन	-	खा+छौ =खान्छौ	जा+नी=जानी	मध्यम आदर
द्वितीय	दुवैवचन	-	खा+नुहुन्छ =खानुहुन्छ	जा+नी=जानी	उच्च आदर
द्वितीय	दुवैवचन	-	खाइ+बक्सिनुहुन्छ =खाइबक्सिनु हुन्छ	—	अति उच्च आदर
तृतीय	एकवचन	-	खा+छ =खान्छ	जा+ वा=जावा	निम्न आदर
तृतीय	एकवचन	प'लिङ्ग	खा+छन् =खान्छन्	—	मध्यम आदर
तृतीय	एकवचन	स्त्रीलिङ्ग	खा+छिन् =खान्छिन्	—	मध्यम आदर
तृतीय	बहुवचन	-	खा+छन् =खान्छन्	जा+मे=जामे	मध्यम आदर
तृतीय	दुवैवचन	-	खा+नुहुन्छ =खानुहुन्छ	जा+मे=जामे	उच्च आदर
	द्विवचन	-	-	जा+से=जासे	निम्न आदर

४.७.१ लिङ्ग व्यवस्था

माथि प्रस्तुत तालिकाबाट नेपाली भाषालाई लिङ्ग व्यवस्था अनुसार आदरलाई हेर्दा द्वितीय पुरुष एकवचन '-छस्', '-छेस्', निम्न आदर र '-छौ', '-छयौ' मध्यम आदर रहेको देखिन्छ । यसै गरी तृतीय पुरुष एकवचन '-छन्', '-छिन्' मध्यम आदरको प्रयोग रहेको

पाइन्छ । उच्च तथा अति उच्च आदरमा भने लिङ्ग व्यवस्था देखिँदैन । त्यसकारण द्वितीय पुरुष एकवचन र तृतीय पुरुष एकवचनमा मात्रै लिङ्ग व्यवस्था रहेको देखिन्छ ।

प्रस्तुत तालिकाबाट बाहिङ भाषालाई लिङ्ग व्यवस्था अनुसार हेर्दा लिङ्ग भेद देखिँदैन ।

४.७.२ वचन व्यवस्था

माथि प्रस्तुत तालिकाबाट नेपाली भाषालाई वचन व्यवस्था अनुसार आदरलाई हेर्दा एकवचन सबै पुरुषमा '-छस्', '-छेस्', '-छ' जस्ता निम्न आदर तथा '-छौ', '-छ्यौ', '-छन्' जस्ता मध्यम आदर '-नुहुन्छ' उच्च आदर तथा '-बक्सिनुहुन्छ' अति उच्च आदरको प्रयोग रहने देखिन्छ । यसै गरी बहुवचन द्वितीय र तृतीय पुरुषमा '-छौ', '-छ्यौ', '-छन्', मध्यम आदर तथा '-नुहुन्छ' उच्च आदरको प्रयोग पाइन्छ भने बहुवचन द्वितीय पुरुष '-बक्सिनुहुन्छ' अति उच्च आदरको प्रयोग पाइन्छ । यसर्थ, एकवचनमा निम्न, मध्यम, उच्च र अति उच्च आदर व्यवस्था रहेको देखिन्छ भने बहुवचनमा मध्यम, उच्च र अति उच्च आदरको प्रयोग पाइन्छ ।

प्रस्तुत तालिकाबाट बाहिङ भाषालाई वचन व्यवस्था अनुसार आदरलाई हेर्दा एकवचन सबै परुषमा '-ई', '-वा' जस्ता निम्न आदर तथा बहुवचन '-नी', '-मे' मध्यम आदर प्रयोग रहेको पाइन्छ । यस भाषामा नेपालीको जस्तो एकवचन '-छौ', 'छ्यौ', '-छन्' जस्ता मध्यम आदर पाइँदैन । यसै गरी द्वितीय पुरुष दुवैवचन '-नी' तथा तृतीय पुरुष दुवैवचन '-मे' उच्च आदरको प्रयोग रहेको देखिन्छ । यस भाषामा द्विवचन '-से' निम्न आदरको पनि प्रयोग देखिन्छ तर नेपालीमा भने यसको प्रयोग पाइँदैन । यसै गरी द्वितीय पुरुष '-बक्सिनुहुन्छ' अति उच्च आदरको प्रयोग बाहिङ रहेको देखिँदैन ।

४.७.३ पुरुष व्यवस्था

माथि प्रस्तुत तालिकाबाट नेपाली भाषालाई पुरुष व्यवस्था अनुसार आदरलाई हेर्दा प्रथम, द्वितीय र तृतीय तीनै पुरुष एकवचनमा '-छस्', '-छेस्', '-छ'जस्ता निम्न आदरको प्रयोग देखिन्छ । द्वितीय पुरुष दुवैवचन '-छौ', '-छ्यौ' मध्यम आदर र '-नुहुन्छ' उच्च आदरको प्रयोग पाइनुका साथै '-बक्सिनुहुन्छ' अति उच्च आदरको प्रयोग रहेको देखिन्छ । यसै गरी तृतीय पुरुष दुवैवचन '-छन्', '-छिन्' जस्ता मध्यम आदरका साथै '-नुहुन्छ', उच्च आदरको प्रयोग रहेको पाइन्छ । यसर्थ, एकवचन सबै पुरुषमा निम्न आदरको प्रयोग रहेको देखिन्छ भने

द्वितीय पुरुष दुवैवचनमा मध्यम, उच्च र अति उच्च आदर पाइन्छ । त्यस्तै तृतीय पुरुष दुवैवचनमा मध्यम र उच्च आदरको प्रयोग देखिन्छ ।

प्रस्तुत तालिकाबाट नेपाली भाषालाई पुरुष व्यवस्था अनुसार आदरलाई हेर्दा प्रथम, द्वितीय र तृतीय तीनै पुरुष एकवचनमा '-ई', '-वा' जस्ता निम्न आदर रहेको देखिन्छ । द्वितीय पुरुष बहुवचन '-नी' र तृतीय पुरुष बहुवचन '-मे' जस्ता मध्यम आदरको प्रयोग भएको पाइन्छ नेपालीको जस्तै बाहिङमा '-छौ', '-छिन्', '-छन्' एकवचन मध्यम आदरको प्रयोग रहेको पाइँदैन । यसै गरी द्वितीय पुरुष दुवैवचन '-नी' उच्च आदर र तृतीय पुरुष दुवैवचनमा '-मे' उच्च आदरको प्रयोग देखिन्छ । द्वितीय पुरुष दुवैवचन '-बक्सिनुहुन्छ' अति उच्च आदरको प्रयोग भने पाइँदैन ।

४.८ कर्ता- इतरमा आदर व्यवस्था

नेपाली भाषाको वाक्यमा कर्ताबाहेकको आदर स्थिति रहेको पाइन्छ । कर्तामा आएको वाक्यमा आदरको तह स्पष्ट छुट्टिन्छ तर कर्ता इतर पदावली वा वाक्यमा व्यक्त गरिएको आदर कुन तहको हो भन्ने स्पष्ट हुँदैन किनभने यस्ता क्रियापदमा वक्ताले चाहेअनुसारको आदर सङ्गति देखाउन सकिने स्थिति रहँदैन (अधिकारी, २०४९ :९७) । नेपाली तथा बाहिङ भाषामा निम्नअनुसारका कर्ता- इतरमा आदरको व्यवस्था निम्नअनुसार भएको देखिन्छ, जस्तै :

तालिका नं. २६

कर्ता- इतरमा आदर व्यवस्था

कर्ता- इतर	नेपाली	बाहिङ
आदर व्यवस्था	१) रामले आफ्ना बुवालाई देखे । २) रामले राम्रा साथी भेट्टायो । ३) राधाले आफ्ना सासू देखी ।	१) राम्मी आ-पापालाई ताप्ता । २) राम्मी रिम्ळा वार्चा थिता । ३) राधामी आ ऐमा ताप्ता ।

माथिको तालिकामा प्रस्तुत भएको कर्ता- इतर आदरार्थी वाक्यहरूलाई हेर्दा, नेपालीको 'आफ्ना बुवा', 'राम्रा साथी', 'आफ्ना सासू' कर्ता- इतर भएर आदरको प्रयोग देखिँदैन भने प्रस्तुत वाक्यहरूमा निम्न आदर कर्ता सापेक्ष भएर आएको छ । त्यसै गरी बाहिङ भाषामा पनि 'आ पापा', ' रिम्ळा वार्चा', 'आ ऐमा' पदहरू आएका छन् । त्यसकारण बाहिङ भाषामा पनि कर्ता- इतर आदरको प्रयोग पाइँदैन ।

४.९. कृदन्तीय विशेषण पदावली र आदरार्थी

आदरार्थी संयुक्त क्रिया कुनै अन्य पदको कृदन्तीय विशेषण बनी संश्लिष्ट भएमा त्यस्ता शब्दमा आदर वैकल्पिक रुपमा मात्र चिन्हित हुन्छ (अधिकारी, २०४९ :९८), जस्तै :

तालिका नं. २७
कृदन्तीय विशेषण पदावली र आदरार्थी

भाषा	वाक्य	रुपान्तरित विशेषण पदावली
नेपाली	तपाईंले किताब दिनुभयो ।	> तपाईंले दिनुभएको किताब/तपाईंले दिएको किताब ।
बाहिङ	गनिमी सिंक (किताब) गितिनी ।	> गनिमी गितिनिम् सिंक ।

प्रस्तुत नेपालीको कृदन्तीय विशेषण पदावली र आदरार्थीलाई मान्दा बाहिङ भाषामा पनि यस्तो प्रयोग भएको पाइन्छ । यहाँ, किताब 'गितिनी' (दिनुभयो) उच्च आदरार्थी क्रिया हो भने किताब 'गितिनिम्' (दिनुभएको) रुपान्तरित विशेषण पदावली हो । 'गि' -दिनु) धातुमा '-तिनी' (नुभयो) प्रत्यय लागेर 'गितिनी' उच्च आदर क्रियाको निर्माण भएको पाइन्छ भने 'गि' धातुमा '-तिनिम्' प्रत्यय जोडिएर रुपान्तरित विशेषण पदावली 'गितिनिम्' बनेको छ ।

४.१० सम्बोधन र आदरार्थी

सम्बोधन र आदरार्थी एकअर्कामा प्रत्यक्ष सम्बन्ध राख्ने गरेको पाइन्छ । आदरार्थीको तहले सम्बोधन प्रभावित भएको हुन्छ । निम्न र मध्यम आदरमा सम्बोधनको सम्भावना धेरै भेटिन्छ भने त्यसभन्दा माथिल्ला आदरमा कम पाइन्छ; जस्तैः

तालिका नं. २८
सम्बोधन र आदरार्थी

आदर	नेपाली	बाहिङ
निम्न	ए ! राम, यता आइज ।	एउ ! राम, अकारे पिवो ।
मध्यम	ए ! राम, यता आऊ ।	———— ।
उच्च	दाइ ! यता आउनुहोस् ।	वाऽआ ! आकारे पिने ।
अतिउच्च	हजुर ! आईबक्सियोस् ।	———— ।

नोट : नेपाली भाषामा सभा, समारोहमा गरिने सम्बोधनमा भने भिन्नै किसिमको शब्द तथा पदावली प्रयोग हुन्छ, जस्तैः 'आदरणीय सभापतिज्यू...', 'महिला तथा सज्जनवृन्द', 'दाजुभाइ दिदीबहिनीहरू', 'साथीहरू हो', आदि । सोहीअनुसार बाहिङमा पनि सम्बोधन गरिन्छ ।

बाहिङ भाषामा निम्न र उच्च आदरको सम्बोधन र आदरार्थी नेपालीकै अनुरुप प्रयोग भएको पाइन्छ । मध्यम र अति उच्च आदर सम्बोधन आदरार्थी भने बाहिङमा पाइँदैन । सभा, समारोहमा नेपाली भाषाकै प्रयोग गर्ने भएकोले माथि प्रस्तुत नेपालीकै शब्द, पदावली सम्बोधनका लागि प्रयोग गर्ने गरिएको पाइन्छ ।

४.११ आदरार्थी : प्रत्यक्ष र परोक्ष

आदर गरिने व्यक्ति प्रत्यक्ष रहेमा सो व्यक्ति अनुरुप अधिकतम तहका आदरार्थीको प्रयोग हुने सम्भावना रहन्छ । आदर गरिने व्यक्ति जति परोक्ष हुन्छ त्यति आदरको तह घट्न गएको पाइन्छ । विशिष्ट व्यक्तिहरूको परोक्ष रुपमा बयान गर्नुपर्दा मध्यम आदरको प्रयोग गरेको पाइन्छ, जस्तै :

१) भानुभक्त नेपाली साहित्यका आदिकवि हुन् ।

२) पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेका हुन् ।

३) त्यसबेला नेपालमा बी.पी. कोइराला प्रधानमन्त्री थिए ।

तर विशेष सम्मान झल्काउनु पर्दा वा तत्कालिक विवरण प्रस्तुत गर्नुपर्दा व्यक्तिअनुसार उच्चतम् आदरकै प्रयोग गर्ने प्रचलन पाइन्छ ।

प्रस्तुत नेपालीको प्रत्यक्ष र परोक्ष आदरार्थीलाई बाहिङ भाषामा हेर्दा आदर गरिने व्यक्ति प्रत्यक्ष रहेमा उच्च आदरकै प्रयोग रहने देखिन्छ भने आदर गरिने व्यक्ति जति परोक्ष हुन्छ वक्ता स्वेच्छाले निम्न वा उच्च आदर जुनसुकै आदरले व्यक्तिको वर्णन गर्न सकिने देखिन्छ । यहाँ, 'भानुभक्त नेपाली साहित्यका आदिकवि हुन्' भन्ने परोक्ष नेपाली मध्यम आदर बाहिङमा वक्ता स्वेच्छाले निम्न वा उच्च आदरको प्रयोग गर्न सक्छ ।

नेपाली भाषामा प्रत्यक्ष वा तत्कालिक सम्मान गर्नुपर्दा मध्यम, उच्च, अति उच्च सबै प्रकारका आदरार्थी प्रयोग हुन्छ भने बाहिङमा उच्च आदरको मात्रै प्रयोग हुन्छ । किनभने बाहिङमा मध्यम र अति उच्च आदर प्रयोग हुँदैन ।

४.१२ वाच्य र आदरार्थी

कर्ता, कर्म र भावका आधारमा क्रियापदको परिवर्तन हुन्छ । तर कर्ता, कर्म र भावसँग क्रियापदको सम्बन्ध फेर्दा वाक्यको अर्थमा परिवर्तन भने हुँदैन । यहीं, कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका आधारमा आदरार्थी पक्षलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ, जस्तै :

तालिका नं. २९

वाच्य र आदरार्थी

आदर	वाच्य	नेपाली	बाहिङ
निम्न	कर्तृवाच्य	रामले भात खायो ।	राम्मी ममरा जाप्ता ।
	कर्मवाच्य	रामद्वारा भात खाइयो ।	रामकालाङ् ममरा जाःसे ।
मध्यम	कर्तृवाच्य	रामले भात खाए ।	———— ।
	कर्मवाच्य	रामद्वारा भात खाइए ।	———— ।
उच्च	कर्तृवाच्य	रामले भात खानुभयो ।	राम्मी ममरा जाम्तामे ।
	कर्मवाच्य	रामद्वारा भात खाइनुभयो ।	रामकालाङ् ममरा जासिमे ।
अतिउच्च	कर्तृवाच्य	रामबाट भात खाइबक्सियो ।	———— ।
	कर्मवाच्य	रामद्वारा भात खाइबक्सियो ।	———— ।

पुनश्च: भाव वाच्यमा धातुको भाव वा अर्थ मुख्य हुने भएकाले निम्न आदरको मात्रै प्रयोगले रहेको देखिन्छ, जस्तै : हाँसिन्छ, रोइन्छ आदि ।

यहाँ, कर्तृवाच्य र कर्मवाच्यमा नेपाली भाषा अनुरुपकै निम्न र उच्च आदरको प्रयोग भएको पाइन्छ । 'जा' (खा) धातुमा '-ता'–यो) प्रत्यय लागेर 'जाप्ता' (खायो) निम्न आदर कर्तृवाच्य बनेको छ भने 'जाः' (खा) धातुमा '-से'–इयो) प्रत्यय लागेर 'जाःसे' (खाइयो) कर्मवाच्य निम्न आदर निर्माण भएको छ । यसै गरी 'जा' (खा) धातुमा '-सिमे'–नुभयो) प्रत्यय जोडिएर उच्च आदर कर्तृवाच्य 'जासिमे' (खानुभयो) बनेको छ । त्यस्तै 'खाए', 'खाइए', 'खाइबक्सियो' जस्ता मधयम र अति उच्च आदरको कर्तृवाच्य र कर्मवाच्य भाव बाहिङ भषा देखिँदैन भने भाववाच्य बाहिङमा नेपालीकै अनुसार निम्नआदरका रुपमा प्रयोग भएको पाइन्छ ।

४. १३ मानवीय र मानवेतर प्राणीमा आदरार्थी

आदर व्यक्ति विशष वा ठूला/मान्यजनलाई जनाउनका लागि गरिन्छ। तर आदरार्थीको प्रयोग व्यक्ति विशेषमा मात्र सीमित नभई मानवइतर प्राणीहरूमा पनि समान रुपले प्रयोग भएको पाइन्छ, जस्तै :

तालिका नं. ३०
मानवीय र मानवेतर प्राणीमा आदरार्थी

आदर	प्राणी	नेपाली	बाहिङ
निम्न	मानवीय	राम भात खान्छ।	राम जाचो जावा।
	मानवेतर	बाखा घाँस खान्छ।	सङ्गारा घाँस ळावा।
मध्यम	मानवीय	राम भात खान्छन्।	——————।
	मानवेतर	बाखाहरू घाँस खान्छन्।	सङ्गाराद घाँस ळामे (बहुवचन)।
उच्च	मानवीय	बुवाले आर्शीवाद दिनुभयो।	पापामी सीलोङ्मा गितिमी।
	मानवेतर	ईश्वरले आर्शीवाद दिनुभयो।	ईश्वरमी सिलोङ्मा गितिमी।
अतिउच्च	मानवीय	राजाबाट हुकुम गरिबक्सियो।	——————।
	मानवेतर	गङ्गानदी उत्तरबाट दक्षिणतर्फ बगिबक्सिन्छ।	——————।

यहाँ, निम्न, मध्यम, उच्च, अति उच्च आदरमा मानवीय र मानवेतर प्राणी सबैमा बराबर आदरार्थी प्रयोग भएको पाइन्छ तर मध्यम आदर मानवेतर प्राणी आदरका लागि भने बहुवचनको आवश्यकता रहेको पाइन्छ। त्यस्तै निम्न र उच्च आदरार्थी मानवीय र मानवेतर प्राणीहरूमा नेपालीकै अनुरुप समान रुपले आदरको प्रयोग भएको पाइन्छ। निम्न आदर 'जावा' (खान्छ) मानवीय, 'ळावा' (खान्छ) मानवेतर तथा उच्च आदर 'गितिमी' (दिनुभयो) मानवीय र मानवेतर आदरार्थीहरू बाहिङमा लागेको देखिन्छ। नेपालीको 'हरू' बहुवचन बाहिङमा 'द' का रुपमा आएको पाइन्छ। त्यसकारण यहाँ 'सङ्गाराद' (बाखाहरू) मानवेतर प्राणीमा 'ळामे' (खान्छन्) मध्यम आदर प्रयोग भएको पाइन्छ।

४. १४ प्रयोग सन्दर्भगत विविधता

आदरार्थीको प्रयोगमा वक्ता, स्रोता र अन्य सन्दर्भ महत्वपूर्ण त्रिकोण हुन् । वक्ता को हो र ऊ कसलाई स्रोता बनाई कुरो गर्दैछ, कसका बारेमा कुरो गर्दैछ, त्यसलाई ऊ सामाजिक दृष्टिले कस्तो तहको ठान्छ, वक्ता र स्रोताका बीच के कस्तो संवेगात्मक सम्बन्ध छ आदि कुराबाट आदरार्थी प्रभावित हुन सक्ने हुँदा आदरार्थीको प्रयोग पक्ष निकै लचिलो हुन्छ । एउटै व्यक्तिका लागि आदररहित प्रयोगदेखि उच्चतम् आदरसम्म अथवा उच्चतम्देखि आदररहित बिन्दुसम्मका प्रयोगहरू वक्तालाई उपलब्ध हुन सक्छन् । त्यसैले यही प्रयोगका लागि व्याकरणात्मक पक्ष मात्र नभई प्रयोग प्रसङ्गको विविधता समेत जिम्मेवार हुन्छ (अधिकारी, २०४९ : ९९) ।

अध्याय पाँच

उपसंहार

प्रस्तुत 'आदरको आधारमा नेपाली र बाहिङ भाषाको तुलनात्मक अध्ययन' शीर्षकको शोध पत्रमा नेपाली भाषालाई सैद्धान्तिक माध्यम बनाई नेपाली र बाहिङ भाषाको आदर पक्षमा पाइने समानता र असमानतामा व्याकरणात्मक कोटिहरु लिङ्ग, वचन, पुरुष, काल भाव पक्षका साथै कोटिकार, मानवीय र मानवेतार, प्रत्यक्ष र परोक्ष, कृदन्तीय विश्लेषण पदावली आदिजस्ता नेपाली भाषाको सैद्धान्तिक आदर व्यवस्थाहरुका तुलना गरी यी दुई भाषाबीच रहेका समानता र असमानताको अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र जम्मा पाँच अध्यायमा विभाजित छ । पहिलो अनुच्छेदमा शोधपत्रको परिचयको रुपमा रहेको छ । यस अन्तर्गत विषय परिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोध कार्यको विधि माथि प्रकाश पार्दै शोधकार्यको रुपरेखा समेत तयार गरिएको छ ।

दोस्रो अध्यायमा नेपाली र बाहिङ भाषाको परिचय दिएको छ । यस अन्तर्गत नेपाली भाषाको परिचय, नेपाली भाषाको विकास, नेपाली भाषाको विशेषता, बाहिङ भाषाको परिचय, बाहिङ भाषाको विकास, बाहिङ भाषाको भाषिक विशेषताहरुको चर्चा गरिएको छ ।

तेस्रो अध्यायमा नेपाली आदरको सैद्धान्तिक व्यवस्थाहरुलाई प्रस्तुत गरिएको छ । यस अन्तर्गत आदरका तहहरुलाई प्रस्तुत गर्नुका साथै नेपाली आदरको व्यवस्थाका बारेमा चर्चा गरिएको छ ।

चौथो अध्यायमा नेपाली र बाहिङ भाषाका आदरको तुलनात्मक अध्ययन गरिएको छ । यस अन्तर्गत व्याकरणिक कोटिहरुको तुलनात्मक अध्ययका साथै नेपाली भाषाको सैद्धान्तिक व्यवस्थाहरुलाई प्रस्तुत गर्दै नेपाली र बाहिङ आदरको तुलना गरिएको छ । यही आधारमा नेपाली र बाहिङ भाषाका आदरलाई हेर्दा नेपालीमा निम्न, मध्यम, उच्च, अति उच्च आदि विभिन्न प्रकारका आदर देखिए तापनि बाहिङ भाषामा निम्न, मध्यम र उच्च आदरको मात्रै प्रयोग रहेको देखिन्छ । बाहिङ भाषामा मध्यम आदर बहुवचनमा मात्रै लागू हुने देखिन्छ । निम्न आदर 'तँ' तथा उच्च आदर 'तपाईं' सर्वनामसुचकहरु बाहिङमा क्रमशः 'गो', 'गनी' का रुपमा प्रयोग भएको पाइन्छ । नेपाली भाषामा एकवचन र बहुवचन मात्र प्रयोग भएको पाइए तापनि बाहिङ भाषामा द्विवचन 'गसी' (दुई)को पनि प्रयोग भएको पाइन्छ । भूतकालिक नेपाली

क्रिया '-एँ', '-यौं', '-इस्', '-यौ', '-नुभयो', '-यो','-ए' बाहिङ क्रियमा क्रमशः '-तङ्', '-ताको', '-ती', '-तानी', '-तानी', '-ता', '-तामे'; बर्तमानकालिक नेपाली क्रिया '-छु', '-छौं', '-छस', '-छौ', '-नुहुन्छ','-छ', '-छन्' बाहिङ क्रियामा क्रमशः '-ङा', '-का', '-ई','-नी','-नी','-व','-मे'; भविष्यत्कालिक नेपाली क्रिया '-नेछु', '-नेछौं', '-नेछस्', '-नेछौ','-नुहुनेछ','-नेछ', '-नेछन्' बाहिङ क्रियामा क्रमशः '-ङाम् दुम्','-काम् दुम्', '-ईम् दुम्', '-निम् दुम्','-निम् दुम्','-मेम् दुम्' रहेको देखिन्छ । अपूर्ण पक्ष नेपाली क्रिया '-दै थिएँ', बाहिङमा '-सोङ् वक्ती', पूर्ण पक्ष नेपाली क्रिया '-एको थिएँ' बाहिङमा 'तङ्मे वक्ता', अज्ञात पक्ष नेपाली क्रिया '-एछु' बाहिङमा 'तङ्सा' अभ्यस्त पक्ष नेपाली क्रिया '-थेँ' बाहिङमा आ बक्ती रुपमा देखिन्छ । आज्ञार्थ भाव नेपाली त्रिया 'खा' बाहिङमा '-वो', इच्छार्थ भाव नेपाली क्रिया '-ऊँ' बाहिङमा '-ङाहेई', सम्भावनार्थ भाव नेपाली क्रिया '-उँला' बाहिङमा '-ङाला' सङ्केतार्थ भाव नेपाली क्रिया '-एँ हुन्थ्यो' बाहिङमा '-ङखेदा नुःवा' रुपमा रहेको देखिन्छ नेपाली अकरण असमापिका क्रिया 'न-' र समापिका '-न' बाहिङमा 'मा-'का रुपमा मात्रै प्रयोग पाइन्छ । यसै गरी नेपालीको पुलिङ्ग निम्न आदर पदसङ्गति -ओ-ओ-ओ बाहिङमा क्रमशः -ओ-आ-आ स्त्रीलिङ्ग निम्न अदर पदसङ्गति -ई-ई-ई बाहिङ क्रमशः -ओ-ई-आ तथा उच्च आदर पुलिङ्ग पदसङ्गति -आ-आ-ओ बाहिङमा क्रमशः -आ-आ-ए र स्त्रीलिङ्गी पदसङ्गति -ई-ई-ओ बाहिङमा क्रमशः -आ-ई-ओ का रुपमा रहेको देखिन्छ ।

नेपाली वर्णमालामा प्रयोग नभएको अक्षर 'ऴ' बाहिङ भाषामा रहेको पाइन्छ । जसको ध्वनि केही मात्रामा प/ब जस्तो सुनिन्छ । IPA (अन्तर्राष्ट्रिय ध्वनिशास्त्र वर्णमाला)मा यो ध्वनिलाई [ɓ] वा [pʾ] को लेखिन्छ ।

पाचौं अध्यायमा समग्रको उपसंहार प्रस्तुत गरिएको छ ।

सुझाव

आगामी शोध शीर्षक निम्नअनुसारको विषयमा केन्द्रित रही अध्ययन तथा अनुसन्धान गर्न सकिन्छ :

१) नेपाली तथा बाहिङ भाषाबीच व्याकरणको तुलनात्मक अध्ययन ।

२) नेपाली तथा बाहिङ भाषामा कोटिकारको स्थिति अध्ययन ।

३) नेपाली तथा बाहिङ भाषामा लिङ्ग भेदको अध्ययन आदि ।

परिशिष्ट १

बाहिङ तथा नेपालीका केही क्रियापदहरु

बाहिङ	नेपाली
पि + चो = पिचो	आउ + नु = आउनु
फिस् + चो = फिस्चो	ओढ् + नु = ओढ्नु
बोक् + चो = बोक्चो	उठ् + नु = उठ्नु
ब्यार् + चो = ब्यार्चो	उड् + नु = उड्नु
कोक् + चो = कोक्चो	खन् + नु = खन्नु
अन् + चो = अन्चो	कुद् + नु = कुद्नु
रुक् + चो = रुक्चो	काम् + नु = काम्नु
जाप् + जो = जाप्चो	किन् + नु = किन्नु
रिम् + चो = रिम्चो	कुर् + नु = कुर्नु
नोक् + चो = नोक्चो	किच् + नु = किच्नु
मिन् + चो = मिन्चो	कोर् + नु = कोर्नु
जा + चो = जाचो	खा + नु = खानु
चाम्स् + चो = चाम्स्चो	खेल् + नु = खेल्नु
दोक् + चो = दोक्चो	खस् + नु = खस्नु
रोः + चो = रोःचो	खोस् + नु = खोस्नु
फुन् + चो = फुन्चो	खोतल् + नु = खोतल्नु
लाम् + चो = लाम्चो	खोज् + नु = खोज्नु
होः + चोः = होःचो	घोच् + नु = घोच्नु
पा + चो = पाचो	गर् + नु = गर्नु
हिक् + चो = हिक्चो	गन् + नु = गन्नु
ब्राम् + चो = ब्राम्चो	गाँज् + नु = गाँज्नु
साप् + चो = साप्चो	गाँस + नु = गाँस्नु
स्याल् + चो = स्याल्चो	गोड् + नु = गोड्नु
पाःपा + चो = पाःपाचो	गराउ + नु = गराउनु
खिरस् + चो = खिरस्चो	घुम् + नु = घम्नु
उर् + चो = उर्चो	घेर् + नु = घेर्नु
चः + चो = चःचो	चल् + नु = चल्नु
घ्लः + चो = घ्लःचो	जित् + नु = जित्नु
बिप् + चो = बिप्चो	चुस् + नु = चुस्नु

नाः + चो = नाःचो

प्यार् + चो = प्यार्चो

य + चो = यचो

सोक् + चो = सोक्चो

कु + चो = कुचो

सु + चो = सुचो

सुम् + चो = सुम्चो

फारिप् + चो = फारिप्चो

प्लन् + चो = प्लन्चो

नाप् + चो = नाप्चो

तेक् + चो = तेक्चो

ला + चो = लाचो

हल् + चो = हल्चो

जोक् + चो = जोक्चो

दुप् + चो = दुप्चो

जोः + चो = जोःचो

थाप् + चो = थाप्चो

दोक् + चो = दोक्चो

थेक् + चो = थेक्चो

तोक् + चो = तोक्चो

गुप् + चो = गुप्चो

केप् + चो = केप्चो

क्राः + चो = क्राःचो

दिम् + चो = दिम्चो

नस् + चो = नस्चो

प्लेः + चो = प्लेःचो

थुक् + चो = थुक्चो

न्याप् + चो = न्याप्चो

खिर्स् + चो = खिर्स्चो

वाम् + चो = वाम्चो

ङिः + चो = ङिःचो

ब्रे + चो = ब्रेचो

ऊः + चो = ऊःचो

चिल् + नु = चिल्नु

चेप् + नु = चेप्नु

कोक्याउ+ नु = कोक्याउनु

चुठ् + नु = चुठ्नु

चोर् + नु = चोर्नु

चिलाउ + नु = चिलाउनु

छोप् + नु = छोप्नु

छल् + नु = छल्नु

छोड् + नु = छोड्नु

छाम् + नु = छाम्नु

छेक् + नु = छेक्नु

जा + नु = जानु

खोल् + नु = खोल्नु

जान् + नु = जान्नु

जल् + नु = जल्नु

जोत् + नु = जोत्नु

जोख् + नु = जोख्नु

झर् + नु = झर्नु

झिक् + नु = झिक्नु

झार् + नु = झार्नु

टिप् + नु = टिप्नु

टाल् + नु = टाल्नु

टोक् + नु = टोक्नु

टेक् + नु = टेक्नु

ठान् + नु = ठान्नु

गोद् + नु = गोद्नु

ठोस् + नु = ठोस्नु

ठेल् + नु = ठेल्नु

डुल् + नु = डुल्नु

डुब् + नु = डुब्नु

डराउँ + नु = डराउनु

डाक् + नु = डाक्नु

ढाल् + नु = ढाल्नु

भ्लू + चो = भ्लूचो	लड्+ नु = लड्नु
होधिप् + चो = होधिप्चो	ढाक् + नु = ढाक्नु
लिमोच्वाल + चो = लिमोच्वाल्चो	ढाट् + नु = ढाट्नु
सल् + चो = सल्चो	तान् + नु = तान्नु
चो + चो = चोचो	तिर् + नु = तिर्नु
बाल् + चो = बाल्चो	थाक् + नु = थाक्नु
तिक् + चो = तिक्चो	थाम् + नु = थाम्नु
प्रँयास् + चो = प्रँयास्चो	थाल् + नु = थाल्नु
तोक्सुपा + चो = तोक्सुपाचो	थुक् + नु = थुक्नु
गी + चो = गीचो	दि + नु = दिनु
ता + चो = ताचो	देख् + नु = देख्नु
खा: + चो = खाःचो	दुख् + नु = दुख्नु
सप् + चो = सप्चो	धु + नु = धुनु
थाप् + चो = थाप्चो	नाप् + नु = नाप्नु
सिलीमो + चो = सिलीमोचो	नाच् + नु = नाच्नु
खक् + चो = खक्चो	नाक् + नु = नाध्नु
धक् + चो = धक्चो	निल् + नु = निल्नु
चिस् + चो = चिस्चो	नुहाउ + नु = नुहाउनु
घ्लुन् + चो = घ्लुन्चो	निकाल् + नु = निकाल्नु
तुः + चो = तुःचो	पिउ + नु = पिउनु
मिङ् + चो = मिङ्चो	पाक् + नु = पाक्नु
पढेपा + चो = पढेपाचो	पढ् + नु = पढ्नु
तुप् + चो = तुप्चो	पिट् + नु = पिट्नु
ओः + चो = ओःचो	पस् + नु = पस्नु
लुस् + चो = लुस्चो	पोख् + नु = पोख्नु
लेः + चो = लेःचो	फर्क + नु = फर्कनु
घ्रप् + चो = घ्रप्चो	फाल् + नु = फाल्नु
बोः + चो = बोःचो	फुल् + न = फुल्नु
मुः + चो = मुःचो	फुक् + नु = फुक्नु
पक् + चो = पक्चो	फोर् + नु = फोर्नु
बुक् + चो = बुक्चो	फुट् + नु = फुट्नु
हो + चो = होचो	बल् + नु = बल्नु
कुर् + चो = कुरचो	बोक् + नु = बोक्नु

बार् + चो = बारचो	बढ् + नु = बढ्नु
योक् + चो = योक्चो	बाँड् + नु = बाँड्नु
बक् + चो = बक्चो	बस् + नु = बस्नु
ताप् + चो = ताप्चो	बजाउ + नु = बजाउनु
प्लन् + चो = प्लेन्चो	भुल् + नु = भुल्नु
दाः + चो = दाःचो	भन् + नु = भन्नु
भोरेपा + चो = भोरेपाचो	भर् + नु = भर्नु
ल्वाक् + चो = ल्वाक्चो	मुछ् + नु = मुछ्नु
साः + चो = साःचो	मार् + नु = मार्नु
दुक् + चो = दुक्चो	मात् + नु = मात्नु
ह्वाङ् + चो = ह्वाङ्चो	मोड् + नु = मोड्नु
पुन् + चो = पुन्चो	माग् + नु = माग्नु
जुल् + चो = जुल्चो	राख् + नु = राख्नु
घ्यास् + चो = घ्यास्चो	रमाउ + नु = रमाउनु
ङक् + चो = ङक्चो	रु + नु = रुनु
यो + चो = योचो	रोज् + नु = रोज्नु
पिः + चो = पिःचो	ल्याउ + नु = ल्याउनु
लाः + चो = लाःचो	लग् + नु = लग्नु
ख्लू + चो = ख्लूचो	लुकाउ + नु = लुकाउनु
ख्ल्याक + चो = ख्ल्याक्चो	लिप् + नु = लिप्नु
ङुन्स् + चो = ङुन्स्चो	लजाउ + नु = लजाउनु
च्याक् + चो = च्याक्चो	लेख् + नु = लेख्नु
रुप् + चो = रुप्चो	सक् + नु = सक्नु
सोः + चो = सोःचो	कहनु + नु = कहनु
यङ्स + चो = यङ्स्चो	सर् + नु = सर्नु
फाः + चो = फाःचो	साद् + नु = साद्नु
निवालाम् + चो = निवालाम्चो	सोच् + नु = सोच्नु
च्यास् + चो = च्यास्चो	सिक् + नु = सिक्नु
इप् + चो = इप्चो	सुत् + नु = सुत्नु
ङिन् + चो = ङिन्चो	सुन् + न = सुन्नु
मिम् + चो = मिम्चो	सम्झ + नु = सम्झनु
सि + चो = सिचो	समात् + नु = समात्नु
कोः + चो = कोःचो	हेर् + नु = हेर्नु

गक् + चो = गक्चो नु + चो = नुचो रिस् + चो = रिस्चो जाम् + चो = जाम्चो योस् + चो = योस्चो	हिड् + नु = हिड्नु हु + नु = हुनु हाँस् + नु = हाँस्नु हराउ + नु = हराउनु हल्लि + नु = हल्लिनु

पुनश्च: नेपालीका कृदन्तीकरणमा लाग्ने नु, ने, तो/दो, तै/दै, ई, एर, यो प्रत्ययहरू समान रुपले बाहिङ कृत प्रत्ययहरू- चो, ळा, तामे/ना, सोङ, सोमी/मामी, सो, ता को प्रयोग हुन्छ ।

परिशिष्ट २

बाहिङ तथा नेपालीका केही कोटिकारहरू

बाहिङ	नेपाली
क: + पुलुम + पालाम = क:पुलुम पालाम	एक +घनो + बाँस = एकघनो बाँस
क: + पक्चीमा + पालाम = क:पक्चीमा पालाम	एक + कप्टेरो + बाँस = एककप्टेरो बाँस
क: + पुल्मा + लसुन = क:पुल्मा लसुन	एक + पोटी + लसुन = एकपोटी लसुन
क:+ विली + वाबारा = क:विली वाबारा	एक + कोयो + आँप = एककोयो आँप
क: + घुलुक + ळकु = क:धुलुक ळकु	एक + घुट्को + पानी = एकघुट्को पानी
क:+ प्रयाक्आ + ळकु = क:प्रयाक्आ ळकु	एक + छिटो + पानी = एकछिटो पानी
क: + गाग्री + ळकु = क:गाग्री ळकु	एक + गाग्री + पानी = एकगाग्री पानी
क: + आक्का + माकाइ = क:आक्का माकाइ	एक + गेडो + मकै = एकगेडो मकै
क: + घोगा + मकाइ = क:घोगा माकाइ	एक + घोगो + मकै = एकघोगो मकै
क: + होळो + सेरी = क:होळो सेरी	एक + मुठी + चामल = एकमुठी चामल
क: + रेन्चु + चार्जा = क:रेन्चु चार्जा	एक + पाथी + कोदो = एकपाथी कोदो
क: + रल्याम् + साग = क:रल्याम साग	एक + त्यान्द्रो + साग = एकत्यान्द्रो साग
क: + बिटा + सिं = क:बिटा सिं	एक + बिटो + दाउरा = एकबिटो दाउरा
क: + ढिका + युक्सी = क:ढिका युक्सी	एक + ढिको + नुन = एकढिको नुन
क: + पुपुल + ममरा = क:पुपुल ममरा	एक + डल्लो + भात = एकडल्लो भात
क: + सो + जाचो = क:सो जाचो	एक + गाँस + भात = एकगाँस भात
क: + कुनेउ + पाराल = क:कुनेउ पाराल	एक + कुन्यू + पराल = एककुन्यू पराल
क: + लपटा + पिरुम् = क:लपटा पिरुम्	एक + पानो + अदुवा = एकपानो अदुवा
क: + फुङ्गा + अङ्गुर = क:फुङ्गा अङ्गुर	एक + झुप्पा + अङ्गुर = एकझुप्पा अङ्गुर
क: + सिर्का + नुचु = क:सिको नुचु	एक + सिर्को + दूध = एकसिर्को दूध
क: + क्युरा + घाँस = क:क्युरा घाँस	एक + भारी + घाँस = एकभारी घाँस
क: + फ्याङ्गा + ग्रामुची = क:फ्याङ्गा ग्रामुची	एक + काँगियो + केरा = एककाँगियो केरा
क: + थुङ्गा + फुङ्मा = क:थुङ्गा फुङ्मा	एक + थुगा + फूल = एकथुगा फूल

कः + प्रुच्ची + फुङ्मा = कःप्रुच्ची फुङ्मा	एक + गुच्छा + फूल = एकगुच्छा फूल
कः + फिफी + फुङ्मा = कः फिफी फुङ्मा	एक + टोकरी + फूल = एकटोकरी फूल
कः + रिप्खा + ग्रा = कःरिप्खा ग्रा	एक + फन्को + डोरी = एकफन्को डोरी
कः + लाछी + साले = कःलाछी साले	एक + लाछी + धागो = एकलाछी धागो
कः + मुस्लो + कुनी = कःमुस्लो कुनी	एक + मुस्लो + धुँवा = एकमुस्लो धुवाँ
कः + रिन्ती + मुरु = कःरिन्ती + मुरु	एक + लस्कार + मान्छे = एकलस्कर मान्छे
कः + मिची + पालाम = कःमिची पालाम	एक +आख्लो + बाँस = एकआख्लो बाँस
कः + गिलास + चिना = कःगिलास चिया	एक + गिलास + चिया = एकगिलास चिया
कः + ठुन्का + ळे = कःठुन्का ळे	एक + ठुन्को + तरुल = एकठुन्को तरुल
कः + चिम्टी + युक्सी = कःचिम्टी युक्सी	एक + चिम्टी + नुन = एकचिम्टी नून
कः + चिरा + वबम्सी = कःचिरा वबुम्सी	एक + चिरो + काक्रा = एकचिरो काक्रा
कः + ळेक्सी + उखु = कःळेक्सी उखु	एक + डाँक्लो + उखु = एकडाँक्लो उखु
क + पुङ्सीआ + खापी = कःपुङ्सीआ खापी	एक + थुप्रो + माटो = एकथुप्रो माटो
कः + कपाल + फुङ्मा = कःकपाल फुङ्मा	एक + डालो + फूल = एकडालो फूल
कः + फङ्सिआ + ळकु = कःफङ्सिआ ळकु	एक + भँगालो + पानी = एकभँगालो पानी
कः + काल्सिआ + चाम् = कःकाल्सिआ चाम	एक + लट्टो + कपाल = एकलट्टो कपाल
कः + नाम्सो + नाम् = कःनाम्सो नाम्	एक + झुल्को + घाम = एकझुल्को घाम
कः + रिन्ती + गाचिङमा = कःरिन्ती गाचिङ्मा	एक + ताँती + कमिला = एकताँती कमिला
कः + चाना + रेळे= कःचाना रेळे	एक + चानो + आलु = एकचानो आलु
कः + पात + टिन = कःपात टिन	एक + पातो + टिन = एकपातो टिन
कः + जुवा + नाम = कःजुवा नाम	एक + जुवा + घाम = एकजुवा घाम
कः + सायम् + मिम्खा = कःसायम् मिम्खा	एक +झल्को +सम्झना= एकझल्को सम्झना
कः + भ्लेक्साम् + सिंक = कःभ्लेक्स्याम् सिंक	एक + खात + किताब = एकखात किताब
कः + प्वाङ्मा + सुरा = कःप्वाङ्मा सुरा	एक + गोलो + मौरी = एकगोलो मौरी
कः + सर्का + पिङ् = कःसर्का पिङ	एक + सर्को + पिङ = एकसर्को पिङ
कङ् + आमो + मेसो = कआमो मेसो	एक + माउ + भैंसी = एकमाउ भैंसी

बाहिङ वक्ताहरुको परिचय

नाम	: तेजलाल बाहिङ
शिक्षा	: स्वाअध्ययन
उमेर	: ७७ बर्ष
पेशा	: भूपु. बेलायती गोर्खा सेना
ठेगाना	: देउसुम्बु(राँगादिप) २, ओखल्ढुङ्गा

नाम	: मुगामाया बाहिङ
शिक्षा	: एम.ए नेपाली भाषा
पेशा	: शिक्षिका
ठेगाना	: नेचाबतासे ६, सोलुखुम्बु

नाम	: मेखराज (धिरेन) सुस्तोचा बाहिङ
शिक्षा	: एम.ए समाजशास्त्र
उमेर	: ३६ बर्ष
पेशा	: पर्यटन
ठेगाना	: मोली ७ जेरे(खाटा), ओखल्ढुङ्गा

बाहिङका उपथर (दोचा)हरुः

थाम्रोचा
हजुपाचा
युम्बुचा
दिबुर्चा
दुङ्मोचा
मुपुचा
रेके (रोके)
दिलिङबाचा
पियाचा
रवाल्लोचा
म्र्यासाचा
प्रोङ्मोचा
खारादिबुर्चा
नामब्र्यासाचा
सेचोचा
लुतिचा/लतिछ
हंगुचा
मोप्लोचा
हवालिन्दी
मुनारी
तोनीमी
सुस्तो/सुस्तोचा
रिपोचा
तोलाचा
जैलङ
मुलिवा/मुलुवा
रिनाम्साचा
खारायुल्चा
ग्याल्दोचा
तेम्बोचा
फ्याक्तीचा

जानकारीमा बाँकी हुन सक्छन् । किनभने ६१ उपथर (दोचा)भन्दा माथि रहेको भनाइ पाइन्छ ।

सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०४९), **समसामयिक नेपाली व्याकरण,** काठमाडौं: कुन्जन प्रकाशन ।

आचार्य, कृष्णप्रसाद (२०६४), **भाषाविज्ञान**, कीर्तिपुर : क्षितिज प्रकाशन ।

चालिसे, विदुर (२०७१), **अभिलेखीय नेपाली क्रिया,** काठमाडौं: य'निक एजुकेशनल पब्लिशर्स प्रा.लि. ।

पाण्डे, गोपाल (२०४८), **रचना-केशर,** काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५४), **नेपाली वाक्य व्याकरण,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०६६), **भाषाविज्ञानका सम्प्रदाय,** काठमाण्डौं : एकता बुक्स ।

ब्रायन, हडसन् (सन् १८५७ - ५८), **बाहिङ भोकाबुलरी एण्ड ग्रामर,** अप्रकाशित पुस्तक ।

मोरिन, बि.लि. एण्ड हाङ (२००९), **वायुङ बर्नमाला नुङ रेक्चोम् तरीकाके सेन्चोम् लोदा(बाहिङ वर्णमाला तथा लेखन पद्धतिको परिचय),** काठमाडौं: बाहिङ किरात मुलुखिम् ।

राई, टेकधन (२०६७), **किराँत जातिहरुको सामाजिक-सांस्कृतिक पक्ष र परिवर्तनको अध्ययन,** चावहिल: पशुपति क्याम्पस, अप्रकाशित शोधपत्र ।

राई, निरा (२०६०), **नेपाली र बाहिङ भाषाको शब्द रचनाको तुलनात्मक अध्ययन,** बागबजार: पद्मकन्या बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र ।

शर्मा, मोहनराज (२०५६), **शब्द रचना र वर्ण विन्यास,** काठमाडौं: नवीन प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०५५), **मध्यचन्द्रिका,** काठमाडौं: साझा प्रकाशन ।

सुस्तोचा, मेखराज (धिरेन) (२०६८), **बाहिङको मिम्खा** वर्ष ६, अङ्क २, बाहिङ किराँत मुलुखिम ।

ह्वागु, बुद्धिकुमार (२०६९), **किराँत बाहिङ तुम्लो,** काठमाडौं: बाहिङ किराँत मुलुखिम ।

राई, प्रकाश (२०६५), **नेपाली र बाहिङ भाषाको क्रियापदको तुलनात्मक अध्ययन,** कीर्तिपुर त्रि.वि: अप्रकाशित शोधपत्र ।